तेह्रौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष **श्री सिता थापाद्वारा** प्रस्तुत

# आँधीखोला गाउँपालिकाको

# आर्थिक वर्ष २०८०/०८१ को बजेट मन्तव्य

*आँधीखोला गाउँपालिका*

*गाउँकार्यपालिकाको कार्यालय*

*कृषि, स्याङ्जा*

**मितिः २०८० असाढ १० गते**

***"कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा, विकास, सुशासन र सम्वृद्धि हाम्रो कार्यभार"***

# आँधीखोला गाउँपालिकाको तेह्रौं गाउँसभा

# आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रमको मन्तव्य

आदरणीय सभाध्यक्ष महोदय,

सभा सचिव ज्यू,

गाउँ सभा सदस्यहरू,

सम्पूर्ण कर्मचारीहरू तथा उपस्थित महानुभावहरू,

गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जालबाट आगामी आर्थिक वर्ष २०८०/०८१ को अनुमानित राजश्व-ब्यय(बजेट) को विवरण सुनिरहनुभएका स्वदेश तथा विदेशमा रहनुभएका आमाबुबा, दाजुभाई, दिदिबहिनीहरु ।

ऐतिहासिक जनआन्दोलनको जगमा स्थापना भएको संघीय लोकतन्त्रिक गणतन्त्र हामी नेपालीको लामो सङ्घर्षबाट प्राप्त उपलब्धी हो ।नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवं राजनीतिक परिवर्तनको लागि नेपाली जनताले पटक पटक गरेका निरङ्कुशता विरुद्धका ऐतिहासिक जनआन्दोलनहरू एवं सशस्त्र सङ्घर्षका क्रममा राष्ट्र र जनताको लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता,घाईते नागरिकहरुप्रति आदरभाव र परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दछु।

संविधानले सुनिश्चित गरेका प्रावधानलाई कार्यान्वयनमा लैजादै २०७९ सालमा स्थानीय तहको दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भई आँधीखोला गाउपालिका स्थानीय सरकारको जिम्मेवारी बहन गरेको एक वर्ष पुरा भई सकेको छ। आँधीखोलावासी आम समूदायको समुन्नति र प्रगतिको रेखांकन गर्न सम्मानित तेह्रौ गाउँ सभामा उपस्थित भएर स्थानीय सरकारको बजेट तथा कार्यक्रम बनाउने साथै आफ्ना लागि आफैले कानून बनाई कार्यान्वयन गर्ने उच्चतम अभ्यासमा क्रियाशिल छौ।यस सन्दर्भमा मुलुकको सार्वभौमीकता, राष्ट्रियता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान एवं दिगो शान्ति, स्थायित्व, विकास, सम्वद्धि, सामाजिक न्यायको क्षेत्रको अग्रणी भूमिकामा नेतृत्व गर्नुहुने आदरणीय अग्रज महानुभाव लगायत सिंगो राष्ट्रको अगुवाई गर्नुहुने नेतृत्व एवं व्यक्तित्वहरुलाई कदर सहित स्मरण गर्दै उच्च सम्मान गर्दछु।

समाजका प्रबुद्ध व्यक्तिहरू ,समाजसेवी, राजनीतिक व्यक्तिहरु, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु, एबं शिक्षाविदहरुबाट आएका सुझाव र सुधारात्मक पक्षहरुलाई विशेष ध्यान दिई समावेशिताको सिद्धान्त अंगिकार गर्दै बजेट तथा कार्यक्रम तयार गरिएको छ ।

कमजोर अर्थतन्त्र, बढ्दो महङ्गी र पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण शिथिल भएको अर्थतन्त्रलाई पुनरुत्थान, जनस्वास्थ्यको रक्षा र जनजिविकाका सबाललाई सुचारु बनाउने गहन जिम्मेवारी हाम्रो काँधमा रहेको छ । सीमित साधन, स्रोत र बजेटको परिधिभित्रबाट असीमित ईच्छा, आकाङ्क्षा र योजनाहरूलाई समेट्दै दिगो, प्रभावकारी र किफायती योजना कार्यान्वयन मार्फत आम आँधीखोलावासी समुदायलाई सार्थक समृद्धिको प्रत्याभूति दिन प्रतिबद्ध छौं।

आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट तर्जुमा गर्दा गाउँपालिकाको विकासको आवश्यकता, दीर्घकालिन विकासका लक्ष्य, संबिधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारहरुको सीमारेखा भित्र रही सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप आँधिखोला गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, पन्ध्रौ योजना, आँधीखोला गाउँपालिकाको आवधिक योजना, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन, विषयगत समितिहरुको बैठक, राजनीतिक दल, बिद्यत बर्ग, नागरिक समाज, आम नागरिक, निजी क्षेत्र लगायत अन्य सरोकारवालाहरु संग प्रत्यक्ष अप्रत्यक्ष छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावहरुलाई आधार लिएको छु।

नेपालको संबिधानको धारा २३० को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ को प्राबधान बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले गाँउसभाको दोस्रो पूर्ण बैठकमा आर्थिक वर्ष २०८०/०८१ को राजश्व-ब्यय(बजेट) को अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।प्रस्तुत बजेटलाई आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरता तर्फ र बञ्चितिकरणबाट समावेशिता तर्फको प्रस्थान बिन्दुको बजेटको रुपमा प्रस्तुत गरेको छु।

स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्दै गाउँपालिकाको चौतर्फी विकासका लागि गाउँ सभाद्वारा स्वीकृत आ. व. २०८०।०८१ को नीति तथा कार्यकमको साथै गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको आर्थिक वर्ष २०८०।०८१ मा अवलम्बन गरिने बजेट तथा कार्यक्रमको आधारमा यो बजेट तय गर्दा संघीय एवं प्रदेश सरकारबाट प्राप्त गरेका एवं गर्ने वित्तीय समानीकरण, सशर्त अनुदान, राजस्व बाडफाड एवं आन्तरिक श्रोत समेतलाई मुख्य आधार बनाइएको छ।

जनताले आफ्ना आवश्यकताहरूलाई सम्बोधन गर्ने योजनाहरू आफ्नै सहभागितामा छनौट गर्न सकुन् भन्ने उद्देश्यले बस्ति तथा टोल स्तरबाट भेला छलफल गरी योजना संकलन गर्दै जन आकांक्षा समेट्दै जनप्रतिनिधिहरूको विकासको चाहना पुरा गर्न मौजुदा कानुनी व्यवस्थाको परिधिमा रही विभिन्न चरणहरू पार गर्दै जनभावना, लक्षित वर्ग, हिसांपिडित, द्वन्दपिडित विपद पिडित,सामाजिक पीडितहरुका भाबनाहरुलाई प्राथमिकताका साथ अग्रपङ्गतिमा राखी सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरूप प्रस्तुत बजेट तथा कार्यक्रमहरू तयार पारिएको छ ।

*सभाध्यक्ष ज्यू,*

सर्वप्रथम म गत आ.व. २०७८/०७९ को आम्दानी र खर्चको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु ।

*आम्दानी तर्फ*

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान ३७ करोड ८५ लाख १५ हजार २ सय ९, राजश्व बाडफाडँ तर्फ ५ करोड ४ लाख २ हजार ३ सय २०, गत आ.व. को जिम्मेबारी सहित आन्तरिक आय तर्फः ७ करोड ३३ लाख ४६ हजार १ सय २०, अन्य विविध क्षेत्रको आय तर्फः २ करोड ४८ लाख ६६ हजार, गरी जम्मा कुल आयः **५२ करोड ७१ लाख २६ हजार ६ सय ४९ रुपैयाँ** हुन गएको देखिन्छ।

*व्यय तर्फः*

चालु खर्च तर्फः २५ करोड ४९ लाख ९६ हजार १ सय ५८, पूँजीगत खर्च तर्फः १९ करोड ५८ लाख ३३ हजार ४ सय ७ गरी कुल जम्मा **कुल खर्चः ४५ करोड ८ लाख २९ हजार ५ सय ६५** खर्च हुन गई चालु आ.व. २०७९/०८० का लागि **७ करोड ६२ लाख ९७ हजार ८४ रुपैयाँ** अ.ल्या. भइ जिम्मेवारी हस्तान्तरण भई आएको देखिन्छ।

***अब म चालू आ.व. २०७९।०८० को प्रस्तावित एवं संसोधित आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।***

चालू आ. व २०७९।०८० को सम्पूर्ण कारोबार सकिन अझै केही समय बाँकी रहेकोले शंसोधीत आय व्यय अनुमान तथा जेठ मसान्त सम्मको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु ।

*चालू आ.व. २०७९/०८० को प्रस्तावित एवं संसोधित आय अनुमानः*

आर्थिक वर्ष २०७८।०७९ को नगद मौज्दात ७ करोड ६२ लाख ९७ हजार ,आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड समेत गरी जम्मा रु ८२ लाख, नगद सहभागितामा पुँजीगत तर्फ रु ५० लाख तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि ३० लाख गरी कूल ८० लाख हुने अनुमान गरिएको थियो ।त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु ९ करोड ३२ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रु ६ करोड ९९ लाख ४८ हजार, सशर्त अनुदान चालू तर्फ रु १९ करोड २९ लाख १५ हजार, सशर्त अनुदान पूँजीगत तर्फ रु २ करोड ८५ लाख ८२ हजार, संघीय सरकार समपूरक अनुदान पूँजीगत रु १ करोड ५० लाख, संघीय सरकार विशेष अनुदान रु २ करोड ५० लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान ८७ लाख, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रु ४० लाख, प्रदेश समपूरक अनुदानबाट रु ६० लाख, प्रदेश सरकार विशेष अनुदान ४० लाख,सडक बोर्ड २५ लाख गरी **कुल ६१ करोड ६८ लाख ८६ हजार** हुने अनुमान गरिएकोमा,

**संसोधित आय तर्फः**

यस आ.व. २०७९/०८० मा जिम्मेवारी हस्तान्तरण भई आएको अ.ल्या. रकम रु. ३ **करोड ७६ लाख, आन्तरिक आयतर्फ** कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व बाँडफाँड समेत गरी जम्मा रु ८४ लाख, नगद सहभागितामा पुँजीगत तर्फ रु ३० लाख ७० हजार तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि १० लाख गरी **कूल ४० लाख ७० हजार** हुने त्यस्तै, संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान बापत रु ९ करोड ३२ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रु ५ करोड ७९ लाख २८ हजार, सशर्त अनुदान तर्फ रु ३३ करोड १३ लाख ५५ हजार, संघीय सरकार समपूरक अनुदान रू १ करोड ५० लाख, संघीय सरकार विशेष अनुदान रु २ करोड ५० लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान ५० लाख ४४ हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रु ४० लाख, प्रदेश समपूरक अनुदानबाट रु ६० लाख ,प्रदेश सरकार विशेष अनुदान ४० लाख गरी कुल **रु. ५९ करोड १८ लाख ९६ हजार** संसोधित आय अनुमान प्रस्तुत गर्दछु।

*हालसम्म प्रस्तावित आय अनुमानका विभिन्न शिर्षकहरुबाट रू. ५९ करोड १८ लाख ९६ हजार वास्तविक आम्दानी हुन गएकोमा खर्च तर्फ चालू शिर्षकमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र आर्थिक सामाजिक सांस्कृतिक शैक्षिक सामाजिक न्याय तथा समावेशिकरण र सुशासन तर्फ (सशर्त समेत) को कुल बजेट मध्ये हाल सम्मको खर्च रु २५ करोड ६ लाख ९३ हजार ९ सय ११ (७५.५६ प्रतिशत) र पूँजीगत तर्फ १६ करोड ३७ लाख ५० हजार २ सय ४१ ( ५७.४३ प्रतिशत ) रहेको छ ।*

*नेपाल सरकारले लिएको नीति र तोकेको दरमा गत विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फ शंसोधित आय अनुमान रु १२ करोड २१ लाख २६ हजार रहेको छ ।*

चालू आ.व मा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदान तर्फको अन्तिम किस्ता बापतको ५० प्रतिशत रकम हालसम्म नआएको र राजश्व बाँडफाँड तर्फको संघीय सरकारवाट निर्धारण गरी पठाएको सीमा भन्दा कम रकम प्राप्त भई गाउँपालिकामा आ.व २०८०।०८१ मा थप दायित्व सृजना हुने देखिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

उल्लेखित खर्चवाट चालू आ.व मा हालसम्म प्राप्त प्रमुख उपलब्धिहरूलाई देहाय बमोजिम प्रस्तुत गरेको छु।

- विकास निर्माण, सुशासन, सेवा प्रवाह र सार्वजनिक उत्तरदायित्व लगायतका समग्र क्षेत्रहरुमा तोकिएका मापदण्डहरुको सुचकहरुका आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट गरिएको गत आर्थिक वर्ष २०७८/०७९ को मूल्यांकनमा हाम्रो पालिका स्याङ्गजा जिल्लामा प्रथम र देशभरका ७५३ पालिकाहरुमा ९ औ स्थान प्राप्त गर्न सफल भएको त्यस्तै स्थानीय तहको स्वमूल्यांकन र

वित्तिय उत्तरदायित्वको मूल्यांकनमा उत्कृष्ट अंकका साथ स्याङ्गजा जिल्लामा नै प्रथम स्थान हासिल गरेको ।

- पालिकाको गौरवको आयोजनाको रुपमा रहेको प्रमुख प्रशासकीय भवन गत आ.ब. मा निर्माण सम्पन्न भई निर्माण व्यवसायी बाट हस्तान्तरण भए अनुसार चालु आ.ब. २०७९।८० को शुरुवात (२०७९ श्रावण १८ गते) देखि नयाँ कार्यालय भवनबाट सेवा प्रवाह सुचारु गरिएको साथै सो भवनको स्वीकृत डी पी आर बमोजिमका अन्य केही बाहिरी संरचनाहरु निर्माण सम्पन्न गरी २०८० ज्येठ २६ गते नेपाल सरकारका पूर्व प्रधानमन्त्री माननीय के पी शर्मा ओली ज्यूबाट समुदघाटन गरी नवनिर्मित सुबिधासम्पन्न भवनबाट एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गरिएको ।
- जनताको स्वास्थ्य सेवालाई प्रमुख प्राथमिकतामा राखी यस गाउँपालिकाको वडा नं ३ बिचारी चौतारा र वडा नं ४ बाङ्गसिङ्ग स्वास्थ्य चौकीका नयाँ भवनहरु निर्माण सम्पन्न एवं हस्तान्तरण भई सेवा प्रारम्भ गरिएको साथै संघीय सरकारको समन्वयमा निर्माणाधीन आँधीखोला आधारभूत अस्पताल (१० शैया) सेतीदोभान निर्माण प्रकृयामा रहेको र सो अन्तरगत रहेका पुराना हस्तान्तरित संरचनाहरुलाई मर्मत सम्भार गरी अस्पतालको सेवा प्रारम्भ गरिएको ।
- वडा कार्यालय अन्तरगतको सेवा प्रवाहलाई व्यवस्थित तुल्याउनका लागि वडा नं २ चिलाउनेवासको वडा कार्यालय भवन निर्माण सम्पन्न गरिनुका साथै वडा नं १, ३, ४ र ५ का बाहिरी संरचनाका निर्माणका कामहरु सम्पन्न गरी सेवाग्राही मैत्री संरचनाबाट सेवा प्रवाह भईरहेको ।
- ग्रामिण सडक यातायात गुरु योजनामा प्राथमिकता तय भए अनुसार पालिका अन्तरगतका महत्वपुर्ण सडकहरुको स्तरोन्नति र नयाँ ट्रयाक एवं लिंक रोडहरु जोड्ने क्रममा भौतिक पूर्वाधारतर्फको लगानीबाट कालोपत्रे सडक तर्फ यस वर्ष २.७ किमि थप भई ८.७ कि. मि, ढलान सडक ०.५ कि.मी थप गरी १.७ कि मि, ग्राभेल सडक तर्फ थप २.४ कि. मि. भई १४.४ कि मि, नयाँ ट्रयाक ३.६ कि.मी. थप भई १८.१० कि. मि, निर्माण सम्पन्न भएको ।
- शैक्षिक पुर्वाधार निर्माण तर्फ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चारकोठे भवन निर्माणमा जनप्रिय मा.बि, भगवती मा.वि., जनप्रदिप मा.वि. र गुरुकुल बेदविद्याश्रममा गरी १६ कोठा, दुईकोठे भवन निर्माण अन्तरगत सरस्वती आ.बि., प्रद्युम्न पनेरु मा.वि. र गुरुकुल बेदविद्याश्रममा ६ कोठा निर्माणाधिन अवस्थामा रहेको र त्रिशहिद मा.वि. एवं जनप्रदीप मा.वि. मा छुट्टाछुट्टै छात्र छात्रावास भवनहरुको निर्माण कार्य भईरहेको ।
- सामूदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि तथा सुदृढीकरणका सिलसिलामा अध्यक्षसंग शैक्षिक सुधार कार्यक्रम अन्तरगत प्रारम्भिक वाल विकास सहजकर्ताको क्षमता विकास तथा कक्षा व्यवस्थापन, शिक्षिकाहरुलाई प्रोत्साहन, १२ वटा विद्यालयमा साक्षरता कार्यक्रम (प्रारम्भिक तह पठन सिप विकास कार्यक्रम) तथा पुस्तकालय व्यवस्थापन, विद्यालय व्यावस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको गठन तथा क्षमता विकास, निरन्तर विद्यार्थी मुल्याङकन तालिम,

कक्षा १ देखि ५ सम्मको विद्यार्थिहरुको लागि अंग्रेजी माध्यमका पाठ्यपुस्तक निशुल्क वितरण, कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम **हाम्रो आँधीखोला** लागु, विद्यालयहरुको सघन अनुगमन लगायतका विविध कार्यक्रमहरु  कार्यान्वयनमा ल्याईएको ।

- कृषि क्षेत्रमा कृषकहरुको उत्प्रेरणा अभिबृद्धि गरी उत्पादन र उत्पादकत्व बढाउनका लागि कृषकमा यान्त्रीकरणमा जोड दिदै थ्रेसर वितरण, खाद्यान्न, फलफूल तथा तरकारीका बिउ, बेर्ना, विरुवा वितरण लगायत विभिन्न पकेट क्षेत्र विकास कार्यक्रम सम्पन्न गरिएको ।
- सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित तुल्याउनका लागि विभिन्न सूचना प्रविधि र सफ्टवेयरको प्रयोग गरी सहज र सरल तुल्याईएको, जनताको घर दैलोमा सेवा प्रवाह पुर्याउनको लागि विभिन्न घुम्ती शिबिर मार्फत सेवा प्रबाह, उपचारात्मक प्रकृतिका स्वास्थ्य शिविर, नागरिक प्रतिको उत्तरदायित्व प्रबर्द्धनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लैङ्गिक परिक्षण लगायतका कार्यक्रमहरु संचालन गरिएको, र जनप्रतिनिधी, कर्मचारी, उपभोक्ता समिति, टोल विकास सस्थाका पदाधिकारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम तथा **अभिमुखिकरण कार्यक्रम** सम्पन्न गरिएको।
- **श्रवण कुमार जेष्ठ नागरिक कार्यक्रम अन्तर्गतका** ३६ वटा **गाउँघर स्वास्थ्य क्लिनिक** बाट स्वास्थ्य संस्थामा गइ स्वास्थ्य सेवा लिन नसक्ने ७० वर्ष माथिका जेष्ट नागरिकहरुलाइ प्रत्येक महिना टोल टोलमा गई आवस्यक आधारभुत स्वास्थ्य सेवा निरन्तरता दिईएको ।
- विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड-१९ विरुद्धको खोप ५ वर्षमाथिका सम्पुर्ण उमेर समुहलाई पहिलो, दोस्रो तथा बुष्टर मात्रा समेत लगाइसकिएको र नियमित खोपको पुर्ण खोप दिगोपना समेत घोषणा सम्पन्न गरिएको ।
- गर्भवति महिलाहरुको जटिलता समयमै पत्ता लगाइ रिफरल तथा व्यवस्थापन गर्न ग्रामिण अल्ट्रासाउण्ड (Rural Ultra Sound Program) कार्यक्रम संचालन गरी गर्भवति महिलालाई अण्डा, क्याल्सियम चक्की वितरण साथै संस्थागत सुत्केरी गराउने महिलाहरुको लागि नेपाल सरकार वाट पाउने सुविद्यामा थप एक हजार प्रदान गरिएको ।
- गाउँपालिकाको स्वास्थ्यलाई सेवालाई जनतासंग प्रत्यक्ष आबद्धता कायम गर्नको लागि पालिकास्तरको स्वास्थ्य प्रोफाइल वनाउने तयारी अन्तिम चरणमा रहेको ।
- स्वास्थ्यका नियमित कार्यक्रम समयमै सम्पन्न गर्न र नियमित स्वास्थ्य सेवा प्रवाहमा दिगोपना ल्याउन वडा तथा पालिकास्तरमा प्रभावकारी संचालनको लागि सहयोग तथा समन्वयका साथ सबै महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरुको मनोवल अभिबृद्धिका लागि उत्प्रेरणा स्वरुप बार्षिक बाह्र हजार उपलब्ध गराइएको ।
- पालिकाको बृहतर विकासका लागि दिगो विकासका लक्ष्य प्राप्तिका हेतुले आवधिक पञ्चबर्षीय योजना निर्माण सम्पन्न गरी आवधिक विकास योजना र बार्षिक विकास योजनाका बीचमा तादाम्यता ल्याउन

**मध्यकालिन खर्च संरचना र ग्रामिण सडक गुरुयोजना, बिपद प्रतिकार्य ब्यबस्थापन योजना, भूउपयोग योजना** निर्माण सम्पन्न भएको ।

- पालिकालाई आन्तरिक सक्षमता अभिबृद्धिका लागि आर्थिक ऐनले दिएको अधिकार प्रयोग गरी राजश्व सम्बन्धी नीति पुर्णरुपमा कार्यान्वयन भई राजश्व संकलन जेठमसान्तको अन्तसम्म लक्ष्यको शतप्रतिशत संकलन भएको ।
- चालु आर्थिक वर्षका लागि स्वीकृत आयोजना तथा कार्यक्रम तर्फ हालसम्म भौतिक प्रगति तर्फ ८७.१९ प्रतिशत र वित्तीय प्रगति तर्फ ६७.१८ प्रतिशत प्रगति भएको र आर्थिक वर्षको मसान्त अगावै लक्ष्य बमोजिमका आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने चरणमा रहेका ।
- पालिकाको वडा नं ४ बाङ्गसिङ जोड्ने महत्वपुर्ण आयोजनाको रुपमा रहेको सेपत-भर्स्याङ-देउराली पञ्चासे ग्रामिण सडकको निर्माण कार्य करिब ७० प्रतिशत सम्पन्न भएको र बाँकी निर्माणाधिन अवस्थामा रहेको ।
- संघिय सरकारको बिशेष अनुदानमा दत्तेलोटे त्रिवेणी दलित बस्ती लिफ्टिङ खानेपानी आयोजना सम्पन्न भएको र हस्तान्तरण भई खानेपानीको सेवा सुचारु गरिएको ।
- अन्तरपालिका सडक संजालको रुपमा रहेको सेतिदोभान-सिम्खेत सडकको स्तरोन्नतिको काम सम्पन्न भएको ।
- जाईखोला कल्भर्ट निर्माण, जरेखोला भण्डार थुम्का मडुवा सडक र गाबाटे नाच्नेडाडा सडक स्तरोन्नतिको काम सम्पन्नताको चरणमा रहेका ।
- भवन निर्माण तर्फ विभिन्न सामुदायिक भबन ४ बटा, सार्बजनिक सौचालय ३ वटा, झोलुङ्गेपुल ३ बटा निर्माण सम्पन्न गरिएको ।
- हरियाली प्रवर्द्धन तथा सडक सौन्दर्यको लागि वडा नं १ को सेतिदोभान-शिरुवारी-घण्टेदेउराली सडकको राजाश्वारा - पंचमूल खण्डमा ६०० भन्दा वढी विरुवाहरु बृक्षारोपण गरिएको ।
- पालिकाको समपुरक तर्फको बजेटबाट स्वीकृत भई कार्यान्वयमा भएको जुग्ले गोगनपानी बागे पञ्चासे सडक स्तरोन्नतिको काम चालु आ.ब. मा ठेक्का सम्झौता भई कार्यान्वयनको प्रकृया अगाडि बढाईको ।
- सडक बोर्ड नेपाल अन्तरगत आँधीखोला गाउँपालिकाको वडा नं २ मा रहेको कालीखोला स्वास्थ्य चौकी सिहाले खोल्सी सडक स्तरोन्नतीको काम सम्पन्न भएको र भैरीकुण्ड ओईया सितखोला सडक स्तरोन्नतीको काम सम्पन्नताको चरणमा रहेको ।
- गण्डकी प्रदेश सरकारको समपुरक र विशेष अनुदान अन्तरगत पालिकाको सहलगानीमा बास्कोट-पंचासे गोरेटो बाटो निर्माण र गैरावास्टा सिचाई पोखरी निर्माणको काम अन्तिम चरणमा रहेको ।

- एक घर एक धारा कार्यक्रम अन्तर्गत जनताको जीवनसँग जोडिएको शुद्ध आधारभूत खानेपानी सुविधाको लागि  चालु आ.ब मा ८ वटा रिजर्भ्भायर ट्याङ्की ६ ईन्टेक सहित पाईपलाईन ३.१ कि.मी बिस्तार भई जनतामा आधारभुत खानेपानी सुविधा पुगेको।
- कृषि उत्पादन बढोत्तरी गर्नका लागि सञ्चालन गरेका ठुला, मझौला, साना सिचाई कुलो निर्माण र मर्मत कार्यक्रम अन्तर्गत कुल ०.७४ किलोमिटर नयाँ निर्माण र १.१ कि.मी सिचाई पाईपलाईन बिस्तार र विभिन्न १९ जीर्ण कुलो तथा नहर मर्मत गरी करीब थप ३७३ रोपनी जमिनमा सिचाई सुविधा पुगेको।
- नियमित कार्यको रुपमा बर्षायामको अन्त्य र चाडपर्वको शुरुवात संगै जनताको आवातजावातमा सहजताको लागि गाउँपालिका भित्रको सडक सञ्जाल भित्र नियमित सडक सञ्चालनका लागि ग्रामिण सडक मर्मत सम्भार तथा सरसफाईको कार्य गरी आवागमन सहज तुल्याईएको।
- सुरक्षित नागरिक आबास कार्यक्रम तर्फ गत आ.ब. मा ७७ वटा र चालु आ.ब.मा बिपन्न नागरिकहरुकमा लागि २ वटा घर निर्माण सम्पन्न गरिएको।
- बैदेशिक रोजगारीलाई सुरक्षित र भरपर्दो बनाउनका लागि सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी कार्यक्रम वडा नं २, ५ र ६ मा लागु गरी रिटनी स्वयंसेवक मार्फत जनचेतनाका कार्यक्रम, वित्तीय सहजकर्ता मार्फत वित्तीय साक्षरताका कार्यक्रमहरु र मनोसामाजिक परामर्शकर्ता मार्फत मनोसामाजिक परामर्शका कार्यक्रमहरु संचालन गरिएको साथै बैदेशिक रोजगारीमा रहेका र फर्कीआएका ब्यात्तिहरुको यथार्थ बिबरण झल्किने पालिकास्तरको पार्श्वचित्र (प्रोफाईल) निर्माण गरीएको ।
- गरीब, विपन्न, महिला तथा युवाहरुका लागि उद्यमशिलता विकासका तालिमहरु सम्पन्न गरी सिप विकास तालिम अन्तरगत सिलाई कटाई, ढाका बुनाई तथा चुरापोते, हातेट्याक्टर सञ्चालन तालिम कार्यक्रमहरुलाई अगाडि बढाईएको र प्रविधि हस्तान्तरण कार्यक्रम अन्तरगत सिलाई मेशीन, कम्बाईन मिल, चुरापोते लगायतका प्रविधिहरु हस्तान्तरण कार्यक्रमहरु सम्पन्न भएका ।
- खेलकुदको विकासको लागि पालिका अन्तरगतका विद्यालयहरुको राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, युवा क्लबस्तरीय अध्यक्ष कप रनिङ्गशिल्ड प्रतियोगिता संचालन गर्नुका साथै पालिका अन्तरगतका विभिन्न क्लब तथा संघ संस्था मार्फत संचालित खेलकुद कार्यक्रमहरुको लागि आर्थिक सहयोग लगायतका कार्यक्रमहरु संचालन गरिएको ।
- परम्परागत तथा धार्मिक विद्यालयको रुपमा सञ्चालनमा रहेको गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालयको लागि पुर्वाधार निर्माण तथा सञ्चालन र व्यवस्थापनमा विभिन्न  अनुदान सहयोग उपलब्ध गराइएको ।
- गाउँपालिका भित्रका विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण अन्तर्गत माध्यमिक विद्यालयको लागि चालु आ.ब. मा तीन वटा ICT कार्यक्रम, दुई वटा पुस्तकालय सञ्चालन तथा व्यवस्थापन र दुई वटा विज्ञान प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको ।

- सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरुको स्वास्थ्यमा सुधार तथा विद्यालयमा अनुपस्थित हुने दरमा कमी ल्याउन पालिका अन्तरगतका कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूको लागि निःशुल्क स्यानिटरी प्याड वितरण सम्पन्न भएको।
- एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली IEMIS प्रणालीको प्रयोग गरी आधारभूत तह कक्षा ८ को परीक्षा संचालन तथा व्यवस्थापन गरिएको ।
- पालिका अन्तरगत नमूना विद्यालयको रुपमा रहेको त्रिशहीद नमूना माध्यामिक विद्यालयको स्वीकृत गुरुयोजना अनुसार विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षको सुधार एवं विद्यालयमा छात्रावास निर्माण लगायतका कार्यहरु गरिएको ।
- हाल महामारीको रुपमा पशुहरुमा फैलिएको लम्पी स्किन डिजिज विरुद्ध खोप कार्यक्रम अभियानका रुपमा सञ्चालन र पालिका भित्रका पशुजन्य रोगहरुका विरुद्ध नियमित खोप संचालन गरी पशुचौपायमा पूर्ण खोप कार्यक्रम सम्पन्न गरिएको ।
- दूध र मासुमा आत्मनिर्भर वनाउन किसानको सहलगानीमा गाई/भैंसी,बाख्रा पकेट विकास कार्यक्रम सम्पन्न गरिएको र कृषकको सहलगानीमा पशुपंक्षी विमा तथा सचेतना कार्यक्रम संचालन गरिएको ।
- भकारोमा खेर गहिरहेको गोबर र गहुत बाट प्राङ्गारिक मल तयार गर्न सहलगानिमा भकारो सुधार तथा बाख्राको खोर सुधार कार्यक्रम सञ्चालन गरिएको।
- पशुपंक्षीको उपचार तथा परामर्श लगायत पशुसेवा कार्यक्रमलाई घर घरसम्म पुर्याउनुका साथै नश्ल सुधार अन्तरगत ७५० वटा कृत्रिम गर्भाधान गरिएक।
- पकेट कार्यक्रम अन्तर्गत दत्तेलोटे त्रिवेणि दलित वस्ति र श्रवणकुमार टोलमा ६००० के.जि बर्षे आलुको विउ सामुहिक रुपमा वितरण गरी कृषकको आयआर्जन वृद्धि र व्यवसायीकरण प्रबर्द्धन अन्तर्गतको कार्यक्रमबाट कुल ६८ मेट्रिक टन आलु उत्पादन भई बिक्रि बितरण मार्फत कृषकको आयस्रोत बढाईएको।
- आफ्नै स्वामित्वमाको नर्सरी मार्फत स्थानिय जातका पोलिथिन ब्यागमा कागति, सुन्तला तथा तरकारीको जम्मा ९९७० विरुवा उत्पादन गरी कृषकलाई वितरण गर्न थालनी गरिएको।
- कृषि उत्पादन बढाउन माटोको उर्वरा शक्ति बढाउन पर्छ भन्ने तथ्यलाई मनन गरी माटो परीक्षण सप्ताह घोषणाका साथ ८९० वटा माटोको नमुना परीक्षण गरी माटोको अम्लियपन सुधार गर्नको लागि कृषि चुन वितरण गरिएको।
- कृषकको उत्पादनको संरक्षणको लागि गाउँपालिकामा १० मेट्रिक टन क्षमताको कोल्ड स्टोर स्थापना गरी करीब ६ मेट्रिक टन सुन्तला सफलतापुर्वक भण्डारण गरिएको र हाल ५ मेट्रिक टन आलु भण्डारणमा रहेको र वडा नं १ सिरुवारीमा स्थापित १४ मेट्रिक टन क्षमताको कोल्ड स्टोरु संचालनको अवस्थामा तयारी रहेको।

- धान गहुँ मकै कोदो लगायतका रैथाने खाद्यान्न बालीहरुको उत्पादन अभिबृद्धिका लागि बिउ, मल उपलब्ध गराउनुका साथै कोदो तर्फ रैथाने बाली कार्यक्रम संचालन गरिएको त्यस्तै वडा नं ५ को सिमखेत फाँटमा चैते धान पकेट कार्यक्रम संचालन गरिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारका लागि रूपान्तरण पहल आयोजना अन्तर्गत ५९ जना बेरोजगारहरूलाई कुल ४४८४ दिनको रोजगारी दिई १४०५ मिटर गोरेटो बाटो, १ वटा चौतारी मर्मत र ४०१ मिटर सोलिङ कार्य सम्पन्न गरिएको छ ।साथै पालिका अन्तर्गतको कार्यक्रमबाट ५.५ कि.मी गोरेटो बाटो यसै बर्ष सम्पन्न भएको।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत पालिका तथा वडा स्तरीय समिति गठन तथा अभिमुखिकरण कार्यक्रम सबै वडाहरुमा सम्पन्न गरिएको।
- शान्ती सुरक्षासंग सम्बन्धित विषयमा संवेदनशील रहेको अबस्थालाई मध्यनजर गर्दे गाँउपालिकाको प्रमुख प्रशासकीय भबन लगायत सेतीदोभान बजार र वडा नं १ को वडा कार्यालयको पेरिफेरी क्षेत्रमा सि सि टि भी जडान गरिएको।
- न्यायिक ईजलास निर्माण गरिनुका साथै अभिलेख व्यवस्थापन कार्यलाई सुदृढिकरण गरी न्याय प्रशासनलाई चुस्तदुरुस्त बनाई न्यायिक समितिमा दर्ता हुन आएका १४ उजुरीमध्ये सबै उजुरीको कारबाही किनारा लगाई शतप्रतिशत उपलब्धी भएको।
- मेलमिलापकर्ता र न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुको न्याय प्रशासनमा अभिवृद्धि गर्नको लागी अन्तरक्रिया, अभिमूखिकरण र अन्तर न्यायिक समितिको अवलोकन गराई असल अभ्यासहरुको अनुकरण र आदानप्रदान गरिएको।
- बालबालिकाको सहभागिताको अधिकारलाई सुनिश्चित गर्नको लागी सबै विद्यालयहरुमा ३४ वटा विद्यालय स्तरीय बालक्लव, ६ वटा वडा स्तरीय बालक्लव,१ वटा पालिकास्तरीय बालसंजाल गठन गरी अभिमुखिकरण गरिएको।
- विपन्न र अपाङ्गता भएका बालबालिकाहरुको शिक्षा र विकासका लागि ५० जना बालबालिकालाई पोशाक, सहायता सामग्री, शैक्षिक सामग्रिहरु वितरण गरिएको ।
- नेपाल सरकारले प्रत्याभुत गरेका जेष्ठ नागरिक र अपांगहरुको हक र अधिकारलाई सुनिश्चत गर्नको लागि परिचय पत्र वितरण कार्यलाई सरल र सहज बनाउदै चालु आ.ब.मा २१ जना ज्येष्ठ नागरिक परिचयपत्र र ४७ वटा वर्गीकृत अपाङ्ग परिचय पत्र प्रदान गरिएको।
- सि.वि.आर.एस. संगको सहकार्यमा अपाङ्गताको प्रकृति अनुसारका २०० जनालाई सहायता सामग्री र परिवारहरुलाई बाख्रापालन, कुखुरापालन र तरकारीखेतीमा सहयोग गरिएको ।
- सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको, चालु आ ब मा यस पालिकामा सुचिकृत लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता पाउने तोकिए बमोजिमका लक्षित वर्गहरुलाई बैक मार्फत व्यक्तिगत खातामा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको साथै वडा कार्यालयहरु मार्फत नियमित रूपमा जन्म, मृत्यु,विवाह, बसाई सराई र सम्बन्ध विच्छेदका घटनादर्ता लगायतका विभिन्न सिफारिसहरूको काम गरिएको ।

आदरणीय सभाध्यक्ष महोदय,

अब म सर्वप्रथम आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्यहरु पेश गर्दछु :

- ❖ गाउँपालिकाको आर्थिक सामाजिक एवं पूर्वाधार विकासको सम्भावनालाई मूर्त रुप दिने,
- ❖ कृषक तथा युवा लक्षित कार्यक्रम मार्फत आय आर्जन तथा रोजगारी बृद्धि गर्ने,
- ❖ ग्रामिण क्षेत्रमा विकासका पूर्वाधारहरु तयार गरी बसाई सराई नियन्त्रण गर्दै आकर्षक केन्द्रको रुपमा विकास गर्ने,
- ❖ संघीय एवं प्रदेश सरकारले लिएका आर्थिक सामाजिक एवं मानीय विकासका सुचकांकहरुमा उल्लेख्य बृद्धि गरी आँधीखोला गाउँपालिकावासीको जीवनस्तर अभिबृद्धि गर्ने,
- ❖ गाउँपालिका भित्र रहेका आर्थिक, सामाजिक रुपमा  पिछडिएका वर्गको उत्थान गर्दै गरिबी न्यूनीकरण मार्फत दीगो विकासको लक्ष्य प्राप्त  गर्ने,
- ❖ सुशासनलाई प्रबर्द्धन गर्दै सेवा प्रवाहलाई सहज, सरल र पारदर्शी एवं सूचना प्रविधीमैत्री तुल्याउने,
- ❖ सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,
- ❖ पर्यटकीय पुर्वाधार संरचनाहरुको विकास गर्दै रोजगारी सिर्जनाका साथ आयस्तर बढाउने,
- ❖ गाउँसभाबाट पारित नीति तथा कार्यक्रममा प्रस्तुत भएका आयोजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्नै,
- ❖ सामाजिक सुरक्षा कार्यक्रमलाई थप सशक्त एवं प्रभावकारी बनाउने,

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि प्रस्तावित बजेटमा देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु।

- ❖ आँधीखोला गाउपालिकाको शिक्षामा गुणस्तरीयता अभिबृद्धि गरी गाउँपालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्ने,
- ❖ गुणस्तरीय स्वास्थ्य सेवाको दायरा विस्तार गर्दै आधारभूत, प्राथामिक र उपचारात्मक  स्वास्थ्य सेवा प्रदान गर्ने,
- ❖ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी आय आर्जनको प्रमुख श्रोतको रुपमा विकास गर्दै ग्रामिण अर्थतन्त्रको सबलिकरण गर्ने,
- ❖ सबै घरधुरीहरुमा आधारभूत खानेपानीको पहुँच स्थापित गर्दै स्वच्छ, सफा, खानेपानी आम नागरिकमा पुर्याउने,

❖ सडक संजाल विस्तार एवं पालिका भित्रका सडकहरुको स्तरउन्नति गर्दै बाह्रै महिना सडक यातायात संचालन हुने व्यवस्था मिलाउने,

❖ गाउँपालिकाको क्षेत्रगत रुपमा आवश्यक पूर्वाधार संरचनाहरु निर्माण गरी पूर्वाधार सेवाहरुको पहूँच स्थापित गर्ने,

❖ विभिन्न जातजाति, धर्म, संस्कृति, कलाको संरक्षण गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांग, आदीवासी, जनजाति, दलित पिछडिएको वर्ग लगायत आर्थिक सामाजिक रुपमा कमजोर वर्गको उत्थान गर्दै सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्ने,

❖ संघीयताको कार्यान्वयन, गुणस्तरीय तथा पहुँच युक्त सार्वजनिक सेवा प्रवाह, उत्तरदायी तथा पारदर्शी शासन प्रणाली सुदृढीकरण गरी आँधीखोलाबासी जनताको जीवनस्तर अभिबृद्धि गर्दै **सम्बृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय लक्ष्य पुरा गर्ने।

*आदरणीय सभाध्यक्ष ज्यू, सभासद् ज्यू हरू एवं उपस्थित महानुभावहरू,*

***"कृषि र पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा विकास सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार"*** भन्ने मूल नाराका साथ आँधीखोला गाउँपालिकाको समृद्धिको यात्रालाई अगाडि बढाउने सोच अनुरूप तेह्रौं गाउँसभाबाट पारित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले पारित गरी पेश गरेको आ.व २०८०/०८१ को बजेट तथा कार्यक्रमहरूमा भएको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु।

## आय तर्फ

यो वर्ष खर्च नभई बाँकी रही जिम्मेवारी हस्तान्तरण हुने रू ६ करोड ३१ लाख , आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड समेत गरी जम्मा ९५ लाख, नगद सहभागितामा पुँजीगत तर्फ रु ५० लाख तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि ३० लाख गरी कूल ८० लाख हुने अनुमान गरिएको छ । त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु ८ करोड ३८ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रु ६ करोड ८७ लाख, सशर्त अनुदान चालू तथा पूँजीगत तर्फ रु ३३ करोड ७ लाख, संघीय सरकार समपूरक अनुदान रु १ करोड ६५ लाख, संघीय सरकार विशेष अनुदान रु १ करोड १५ लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान १ करोड १ लाख २० हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रु ४० लाख , प्रदेश समपूरक अनुदानबाट रु ६० लाख, प्रदेश सरकार सशर्त अनुदान पूँजीगत ५० लाख, सडक बोर्ड रु २५ लाख, नेपाल पर्यटन बोर्ड रु १५ लाख गरी कुल ६२ करोड ९ लाख २० हजार हुने अनुमान गरिएको छ ।

नेपाल सरकारले तोकेबमोजिम विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फको रकम छुट्टै सिलिङको रूपमा प्राप्त हुने र सामाजिक सुरक्षामा आवद्ध लाभग्राही वर्गमा प्रत्यक्ष खर्च हुने भएकोले यस बजेटमा समावेश गरिएको छैन।

## व्यय तर्फ

### चालू खर्च

| | |
|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च एवम् कार्यक्रम तर्फ | ७ करोड ४५ लाख |
| आर्थिक, सामाजिक, सांस्कृतिक, सामाजिक, सुशासन, न्याय तथा समानता, लैङ्गिक तथा समावेशिकरण तर्फ | ३ करोड ५१ लाख २० हजार |

### पुँजीगत खर्च

| | |
|---|---|
| पुँजीगत खर्च तथा पूर्वाधार विकास, निर्माण | १३ करोड १५ लाख |

### सशर्त, समपूरक, विशेष (संघ र प्रदेश चालू पूँजीगत सहित)

| | |
|---|---|
| सशर्त अनुदान (हस्तान्तरित कार्यक्रम) | ३७ करोड ९८ लाख |

## कृषि तथा पशुपंक्षी

बेरोजगार समस्या न्युनिकरणका साथै कृषिको आधुनिकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न कृषि तथा पशु क्षेत्रमा उच्च प्राथमिकताको साथ बजेट विनियोजन गरेको छु।

- **"हात हातमा कृषि सामग्री, गाउँ-गाउँमा रोजगारीको अभियान" अनुरूप** कृषि प्रणालीबाट व्यावहारिकतातर्फ उन्मुख गराउन कृषकलाई मौरीपालन, च्याउको बिउ, उन्नत तरकारीको बिउ, फलफूलको बिरुवा, प्लास्टिक टनेल, पोखरी, आधुनिक कृषि औजार तथा उपकरण प्रयोग गरी कृषिमा प्रोत्साहन र आत्मनिर्भर हुनुको साथै बजारीकरणको लागि कृषकहरूसँगको सहकार्य तथा साझेदारी कार्यक्रमको लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छु।

- कृषि स्नातक प्राविधीकको लागि **रु ५ लाख २५ हजार** बजेट विनियोजन गरेको छु।
- कृषि उत्पादनको बजार मुल्य वृद्धिका कोल्ड स्टोर संचालन गर्नका लागि **३ लाख बजेट** विनियोजन गरेको छु।
- माछाको भुरा छोड्ने, संरक्षण र सम्वर्धन गर्ने कार्यक्रमलाई **रू १ लाख** विनियोजन गरेको छु।
- कृषकको यथार्थ विवरण संकलन गरी कृषि विकास रणनिति तयार गर्नको लागि **कृषक सूचिकृत तथा व्यवस्थापन र कृषि सम्बन्धी तथ्यांक अध्यावधिक** कार्यक्रम लाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न किसान सूचीकरण कार्यक्रमको लागि **रु ३ लाख ४९ हजार** बजेट विनियोजन गरेको छु।
- कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताका लागि **रु ७ लाख बजेट** विनियोजान गरेको छु।
- अकबरे खुर्सानी, केरा, कुरीलो, सुन्तला, कफी, अलैची, किवि, कागती लगायतका नगदे वालीको नर्सरी निर्माण, बेर्ना उत्पादन, वितरण र व्यवसायिक खेतीका लागि १० **लाख बजेट** विनियोजन गरेको छु।
- **"रैथाने बालिमा गर्व गरौं"** भन्ने नाराका साथ उत्पादन हुँदै आएको पोषणयुक्त रैथाने खाद्यान्न बालीका विउ संरक्षण गरी खेति विस्तार गर्नका लागि **रू ५ लाख बजेट विनियोजन** गरेको छु।
- फौजी कीरा, सलह कीरा तथा विभिन्न रोगका कारण उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि **रु १ लाख बजेट** विनियोजन गरेको छु।
- **कृषकको श्रम , कृषककै मूल्य** कायम गर्न कृषकले उत्पादन गरेका कृषि उपजको सहज बजारीकरणको लागि संकलन केन्द्रको स्थापना र बजारीकरणको लागि **रु १० लाख बजेट** विनियोजन गरेको छु।
- कृषि क्षेत्रमा जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै बाँझो रहेको खेतियोग्य जग्गालाई खनजोत गरी उत्पादनयोग्य बनाई हावापानी सुहाउँदो तरकारी तथा फलफूल खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न **रु ४ लाख बजेट** विनियोजन गरेको छु।
- विभिन्न प्राकृतिक प्रकोप तथा अन्य कारणले कृषि उत्पादनमा हुने क्षति न्यूनीकरणका लागि कृषि बाली तथा पशुपंक्षी बिमा कार्यक्रम तथा सचेतनाका लागि **रु १ लाख बजेट विनियोजन** गरेको छु।
- कृषकले उत्पादन गरेका वस्तुहरूलाई सबै जनता सँग एकै पटक एकै ठाउँमा पुर्याउने र उत्कृष्टलाई पुरस्कृत एवम् प्रोत्साहन गर्ने लक्ष्यको साथ कृषि तथा पशु मेला एवं यान्त्रीकरण प्रदर्शनीको लागि **रु ४ लाख** बजेट विनियोजन गरेको छु।
- **"उत्पादन साथमा, नगद हातमा"** भन्ने मूल नाराका साथ कृषकको उत्पादनको **न्युनतम समर्थन मुल्य** कायम गरी स्थानीय सहकारी सँगको साझेदारीमा उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि **रु ६ लाख** बजेट विनियोजन गरेको छु।

- आम किसानको प्रमुख समस्याको रुपमा रहेको बाँदर नियन्त्रण तथा बाली संरक्षणको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु।
- माटोको अम्लियपन, क्षारियपन तथा विविध सुक्ष्म तत्वहरुको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधी हस्तान्तरण साथै रोग किराको पहिचान गर्ने र निवारणको लागि कृषि ल्याव सञ्चालन **गर्न रु ४ लाख** बजेट विनियोजन गरेको छु।
- कृषिमा उत्पादन सहज साना सिँचाइ प्रवर्धन कार्यक्रम संचालन गर्न **रु ७ लाख ७५ हजार** बजेट विनियोजन गरेको छु।
- रासायनिक मलको प्रयोगले माटोको उर्वरा शक्ति मात्रै नभएर वातावरण र स्वास्थ्यमा प्रतिकूल असर पारेको हुँदा बजेटमा प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा बढाउन तालिम र अनुदानको बजेटमा व्यवस्था गरेको छु।
- युवा कृषकलाई व्यवसायिक पशुपालन क्षेत्रमा आकर्षण गर्न **मागमा आधारित तालिम सञ्चालन** का लागि रु. **२ लाख बजेट** विनियोजन गरेको छु।
- भौगोलिक वातावरण अनुसार **उन्नत जातका घाँस प्रवर्द्धन** अन्तर्गत भुई तथा डाले घाँस वितरणका लागि रु **३ लाख बजेट** विनियोजन गरेको छु।
- उन्नत जातका पशुको उत्पादन तथा विकास गर्न पशुको नस्ल सुधार कार्यक्रम (कृत्रीम गर्भाधान) को लागि **रु १ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।
- कृषि र पशु सेवाका प्राविधिक कर्मचारीको ज्ञान,क्षमता अभिवृद्धि गर्न तालिमको लागि बजेट विनियोजन गरेको छु।
- कृषकहरूको भकारोमा खेर गइरहेको गोबर र गहुँतबाट प्राङ्गारिक मल निर्माणको लागि कृषकहरूसँगको सह लगानीमा मलखाद सुधार को लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु।
- पशु स्वास्थ्य व्यवस्थापनका लागि पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर सञ्चालन गर्न **रु ३ लाख** बजेट विनियोजन गरेको छु।
- पशुपंक्षी उपचार र औषधी खरिदका लागि **रु १० लाख** बजेट विनियोजन गरेको छु।
- स्वस्थ र स्वच्छ मासु उत्पादन, उपभोग र व्यवस्थापनलाई प्रभावकारि रुपमा संञ्चालन गर्न मासु पसल सुधार, अनुगमन तथा अभिलेख कार्यक्रमलाई रु. **२ लाख बजेट** विनियोजन गरेको छु।
- स्थानीय जातका लोपोन्मुख पशुपंक्षी संरक्षण गर्नका लागि **रैथाने पशुपंक्षी संरक्षण कार्यक्रम** अन्तर्गत **रु २ लाख बजेट** विनियोजन गरेको छु
- कृषकद्वारा उत्पादित पशुजन्य वस्तुभाउहरुको न्यूनतम समर्थन मूल्य निर्धारण गरी **उत्पादनमा आधारित अनुदान कार्यक्रमको** लागि रु. **५ लाख बजेट** विनियोजन गरेको छु

- पशुपंक्षी सँग सम्बन्धित **राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस मनाउन र कृषक लक्षित सचेतनामूलक कार्यक्रम सञ्चालन** गर्न **रु. १ लाख बजेट** विनियोजन गरेको छु।
- भेटेरीनरी ल्याब मर्मत, सामग्री खरिद र पशुपंक्षीमा लाग्ने विभिन्न रोग पहिचान एवम् उपचारका लागि प्रत्येक वडामा ट्रेभिज निर्माण गर्न रु. **३ लाख बजेट** विनियोजन गरेको छु।
- कृषि तथा पशुपालनसँग सम्बन्धित आधुनिक प्रविधिको ज्ञान र त्यसको प्रयोगबारे जानकारी प्रदान गर्न **प्रविधी प्रदर्शन कार्यक्रम**का लागि **रु. ३ लाख बजेट** विनियोजन गरेको छु।
- कृषकहरुसँगको लागत साझेदारीमा **पशुपालनमा आधुनिक यान्त्रिकरणको व्यवस्थापन** गर्न रु. **३ लाख** बजेट विनियोजन गरेको छु।
- **नमूना पोखरी निर्माण** गरी स्थानीय तथा उन्नत जातका माछा पालन गर्न **रु. ५ लाख बजेट** विनियोजन गरेको छु।
- पशुपंक्षीमा लाग्ने विभिन्न **सरुवा रोग, माहामारीजन्य तथा आकस्मिक रोग नियन्त्रण**का लागि रु**. १ लाख बजेट** विनियोजन गरेको छु।
- प्राणघातक **रेबिज रोग विरुद्धको खोप सञ्चालन तथा सचेतना अभियान** सञ्चालनका लागि **रु. १ लाख ३८ हजार बजेट** विनियोजन गरेको छु।

कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि **रु १ करोड ६४ लाख ३७ हजार** बजेट विनियोजान गरेको छु।

## उद्योग ,वाणिज्य तथा व्यापार

स्थानीय स्तरमा आवश्यक वस्तु तथा सेवाको उत्पादन गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले कृषि तथा वन पैदावारमा आधारित उद्योग,पर्यटन उद्योग,परम्परागत तथा घरेलु उद्योगको विकास र विस्तारको लागि बजेटमा व्यवस्था गरेको छु।

- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरूको बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ ।एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ।उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनको लागि बजेटमा व्यवस्था गरिएको छ।
- वन तथा वनस्पतिजन्य बस्तुहरूको उत्पादनको लागि साना उद्योग स्थापना गर्न बजेटमा व्यवस्था गरेको छु।
- आय आर्जन र बचततर्फ उन्मुख गर्न सीप विकास कार्यक्रमको लागि **रु ४ लाख** बजेट विनियोजन गरेको छु।

- समूहगत रुपमा प्रविधिको हस्तान्तरण गरी प्रविधि हस्तान्तरणबाट गाउँपालिकाको विकासका लागि **रु १ लाख ४० हजार बजेट** विनियोजन गरेको छु।

*__लघु उद्यम विकास कार्यक्रमको__* लागि निम्न बमोजिमको बजेट व्यवस्था गरेको छु -

  - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन र उद्यमीको पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम कार्यक्रमको लागि **रु २ लाख ४० हजार** बजेट विनियोजन गरेको छु।
  - तालिम पश्चात् प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्न **रु ९ लाख २० हजार** बजेट विनियोजन गरेको छु।

## पर्यटन

- गाउँपालिका भित्रका ऐतिहासिक ,सांस्कृतिक, धार्मिक ,पूरातात्विक र प्राकृतिक सम्पदाहरू धार्मिक स्थल, देवालय,शिवालय, गुम्बाहरूको संरक्षण,प्रवर्धन गरी पर्यटन विकास गर्न बजेट विनियोजन गरिएको छ । सिरुबारी, अन्धाअन्धी, श्रवण कुमार, पन्चासे,डहरे,म्हाजु भङ्ज्याङ, जुम्ली ठान,काला भैरव कोट, चुले सिद्ध गुफा, आउरी गुफा लगायत अन्य संभाब्य क्षेत्रलाई पर्यटकिय क्षेत्रको रूपमा विकास गर्ने र सम्भावित पर्यटकिय एवं सांस्कृतिक क्षेत्रहरूको पहिचान र विकास गरी दीगो आर्थिक विकास र रोजगारीको सृजना गर्दै अगाडि बढ्नको लागि बजेटमा व्यवस्था गरेको छु। **पर्यटन प्रवर्धन तथा महोत्सव संचालनको लागि ५ लाख** बजेट विनियोजन गरेको छु।
- गाउँपालिका क्षेत्र भित्र रहेका महत्वपुर्ण पर्यटकीय स्थलहरुको पर्यटकीय पूर्वाधार विकास तथा पार्क निर्माणको लागि **रु १० लाख** बजेट विनियोजन गरेको छु।
- पर्यटन उद्योगलाई प्रोत्साहन गर्दै गाउँपालिका भित्र संचालनमा रहेका होमेस्टे प्रवर्धनको लागि एवं नयाँ ठाउँको सम्भाव्यताको लागि बजेटमा व्यवस्था गरेको छु।
- **जाऊँ है अन्धाअन्धी श्रवणकुमार** प्रचार प्रसार प्रवर्धन कार्यक्रम गर्नको लागि **रु ५ लाख बजेट** विनियोजन गरेको छु।
- पर्यटकीय गन्तब्यको रूपमा रहेको म्हाजू भन्ज्याङ पार्कको आवश्यक पूर्वाधार विकासको लागि नेपाल पर्यटन बोर्ड सँगको साझेदारीमा **रू ३३ लाख बजेट** विनियोजन गरेको छु।
- गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरुको जगेर्ना गर्न आन्तरिक पर्यटन प्रवर्धनको लागि **रु ५ लाख बजेट** विनियोजन गरेको छु।

## *प्रधानमन्त्री रोजगार कार्यक्रम*

- युवा रोजगारीको लागि रूपान्तरण पहल एवम् रोजगार र विपन्न श्रमिकको लागि काम कार्यक्रमको लागि **रु. २६ लाख ८८ हजार बजेट** विनियोजन गरेको छु।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने विकास निर्माणको कार्यलाई गाँउपालिकाको साझेदारी सहित **रु. ३७ लाख २२ हजार बजेट** विनियोजन गरेको छु।
- स्वरोजगारमा संलग्न हुने सुचिकृत लाभग्राहीलाई कार्यस्थलमा कामको सहजताको लागि हाते औजार, सुरक्षा सामाग्री र पोशाकको लागि **रु. २ लाख बजेट** विनियोजन गरेको छु।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धित अन्य कार्यक्रमसँग आवद्द गरी यथार्थ उत्पादनमुलक रोजगारी सृजना गर्न **रु. ३ लाख २४ हजार बजेट** विनियोजन गरेको छु।
- रोजगार केन्द्र सुदृढीकरण, जनशक्ति परिचालनको सामग्रीको लागि **रु.१९ लाख २ हजार बजेट** विनियोजन गरेको छु।

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि कुल बजेट रु. ८८ लाख ५४ हजार बजेट विनियोजन गरिएको छ।

## *सुरक्षित आप्रबासन (सामी) कार्यक्रम*

- स्वदेशमै रोजगारी गरौ, वैदेशिक रोजगारीमा जान पर्ने नै भए सही सूचना र सिप सिकेर मात्र जाने ब्यबस्था गरौ भन्ने नारा लाई सार्थकता प्रदान गर्न सुरक्षित आप्रबासन (सामी) कार्यक्रमको दिगोपन र सचेतना कार्यक्रमहरुका लागि **रु ७ लाख विनियोजन** गरेको छु।
- वैदेशिक रोजगारीको स्थानीयकरण गरी स्थानीय स्तरमा नै मनोसामाजिक परामर्शकर्ता र वित्तीय साक्षरता सहजकर्ता उत्पादनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम (TOT) तालिम सञ्चालनका लागि रु ३ लाख विनियोजन गरेको छु।
- वैदेशिक रोजगार अन्तर्गत सामाजिक परिचालन अधिकृतको व्वस्थापन गरी कार्यसंचालनलाई थप प्रभावकारी बनाउन **रु ५ लाख ७२ हजार** विनियोजन गरेको छु।
- घरघर र टोलटोलमा वैदेशिक रोजगार सम्बन्धी जनचेतना र परामर्श सेवा कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम मनोसामाजिक परामर्श कार्यक्रम र रिटनी स्वयंसेबकको लागि रु **१५ लाख ७८ हजार** विनियोजन गरेको छु।

सुरक्षित आप्रबासन सामी कार्यक्रमको लागि **कुल ३९ लाख बजेट** विनियोजन गरेको छु।

# *सामाजिक क्षेत्र*

## *स्वास्थ्य*

आधारभूत तथा आकस्मिक रुपमा रहेको स्वास्थ्य क्षेत्रमा नागरिकहरुको सर्वव्यापी पहुँच, अभिछिन्न प्रयाप्तता कायम गर्न बजेटमा समावेश गरेको छु।

- प्रवर्धनात्मक, प्रतिकारात्मक स्वास्थ्य सेवासगैं उपचारात्मक सेवालाई थप व्यवस्थित तथा गुणस्तरीय सेवा उपलब्ध गराउन आँधीखोला आधारभूत अस्पताल व्यवस्थापनको लागि **रु. ४५ लाख वजेट** विनियोजन गरेको छु।
- स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याउन समतामुलक स्वास्थ्य विमाको विविधिकरणको माध्यमवाट स्वास्थ्य सेवा सुनिश्चितताको लागि स्वास्थ्य बिमा सेवामा आवद्ध गराउन तथा दिर्घ रोगहरुको औषधी उपचार सहयोगको लागि **रु. १० लाख बजेट** विनियोजन गरेको छु।
- महामारी तथा कीटजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको समान पहुँच र उपयोग वृद्धिको लागि निःशुल्क औषधीजन्य सामग्री वितरण व्यवस्थापनको लागि **रु ३७ लाख ८७ हजार** बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीको सुदृढिकरणक, व्यवस्थापन तथा विभिन्न कार्यक्रम संचालन गरी गुणस्तरीय सेवा प्रवाह गराउन **रु. २० लाख बजेट** विनियोजन गरेको छु।
- स्वास्थ्य सेवाको समान पहुँचको लागि ज्येष्ठ नागरिकहरुलाई घर घर तथा **श्रवणकुमार ज्येष्ठ नागरिक गाउँघर स्वास्थ्य क्लिनिकबाट** सेवा निरन्तरताको लागि **रु १३ लाख** बजेट विनियोजन गरेको छु।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको योगदानलाइ कदर गर्दै प्रोत्साहन तथा सम्मानजनक बिदाइ, पोसाक, यातायात खर्च, वार्षिक समीक्षा गोष्ठी र दिवस मनाउनका लागि **रु १९ लाख** बजेट विनियोजन गरेको छु।
- गर्भवती, सुत्केरी महिला तथा वालवालिकाहरुको पोषण सुधारको लागि संस्थागत सुत्केरी, अण्डा तथा क्याल्सियम चक्की वितरण र स्वस्थ वालवालिका प्रतियोगिता कार्यक्रम संचालनको **रु ८ लाख बजेट विनियोजन** गरेको छु।
- समुदाय स्तरमा हेमोफिलिया सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरी सम्भावित हेमोफिलियायुक्त व्यक्तिहरुको पहिचान र उपचारको लागि **रु. ५ लाख वजेट** विनियोजन गरेको छु।
- कर्मचारीहरूको दैनिक कामकाज, समर्पण र योगदानलाई उच्च सम्मान गर्दै आधारभूत अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीका कर्मचारीको तलब, भत्ता तथा प्रशासनिक खर्चको लागि **रु ३ करोड २९ लाख** बजेट विनियोजन गरेको छु।
- नागरिक आरोग्य केन्द्र संचालन र व्यवस्थापन साथै वैकल्पिक चिकित्सा सम्बन्धी योग तथा जिवनशैलि परिवर्तन कार्यक्रम संचालनको लागि **रु. ८ लाख वजेट** विनियोजन गरेको छु।
- स्वास्थ्यकर्मीहरुको दैनिक कार्यको कुशलता र समर्पणलाई थप प्रोत्साहन स्वरुप **रु. ५ लाख वजेट** विनियोजन गरेको छु।
- स्वास्थ्य सम्बन्धी आवश्यक नीति, योजना तथा कार्यक्रम वनाउने आधारको लागि गाउँपालिका वाट संचालित स्वास्थ्य कार्यक्रमको प्रभावकारीता अध्ययनको लागि **रु. १ लाख वजेट** विनियोजन गरेको छु।

- पोषण विशेष, किशोर किशोरी स्वास्थ्य सेवा, मातृ तथा नवशिशु कार्यक्रम संचालनको लागि **रु. २० लाख १२ हजार वजेट** विनियोजन गरेको छु।
- सर्ने, नसर्ने रोग लगायत अन्य रोगहरुको विद्यालय शिक्षा, आमा समुह तथा टोलहरुमा जनचेतनामुलक सूचना तथा संचार सामाग्री/ व्यवहार परिवर्तन कार्यक्रम संचालनको लागि **रु. १ लाख वजेट** विनियोजन गरेको छु।
- नियमित खोप तथा खोप अभियान, पोषण, क्षयरोग नियन्त्रण, परिवार योजना तथा प्रजनन रुग्णता, स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड लगायतका कार्यक्रमहरु संचालनको लागि **रु. १३ लाख ५२ हजार** वजेट विनियोजन गरेको छु।
- सम्पूर्ण नागरिकहरूलाई सहुलियतमा एम्बुलेन्स सेवा उपलब्ध गराउन एम्बुलेन्सको व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- सरकारी तथा गैह्र सरकारी संस्थाहरुको समन्वयमा विभिन्न रोगहरूको स्वास्थ्य शिविर सञ्चालन गर्न बजेटमा व्यवस्था गरेको छु।

स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि **रु ५ करोड** ४० **लाख ५१ हजार** बजेट विनियोजन गरेको छु।

## शिक्षा

शिक्षा क्षेत्रमा सकारात्मक, गुणात्मक, नतिजामुलक र परिवर्तनको प्रत्यक्ष अनुभूति हुने गरी आगामी आ.ब २०८०/०८१ लाई **शैक्षिक गुणस्तर सुदृढीकरण अभियान** वर्षको रुपमा मनाइने कार्यक्रम अनुसार शिक्षा क्षेत्रमा देहाय बमोजिम बजेट विनियोजन गरेको छु।

- भौगोलिक कठिनाई तथा आवतजावतका कारण अप्ठ्यारोमा परेका विद्यार्थीलाई विद्यालयमा सहज पहुँच सुनिश्चित गर्नको लागि **आवासिय विद्यालय सञ्चालन गर्ने नीति** बमोजिम **जनप्रदिप मा. वि. मा निर्माणाधीन छात्रावास भवनको लागि रु १ करोड ६० लाख बजेट** विनियोजन गरेको छु।
- प्रद्युम्न पनेरू माध्यमिक विद्यालयमा छात्रावास निर्माणको लागि **रु १ करोड १५ लाख बजेट** विनियोजन गरेको छु।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत **जनप्रदीप माध्यमिक विद्यालयको निर्माणाधीन ४ कोठे भवन**का लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छु।
- त्रि-शहिद नमुना माध्यमिक विद्यालयमा नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत प्राविधिक धार समेतका कक्षालाई फाइदा पुग्ने गरी निर्माणधिन अवस्थामा रहेको **छात्रावासलाई सम्पन्न गर्नको लागि ५५ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं ५ स्थित बास्कोट प्रा. वि. शैक्षिक गुणस्तर सुधारको लागि रु. **१ लाख बजेट** विनियोजन गरेको छु।

- आधारभूत र माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक तथा राहत अनुदान शिक्षकको तलव भत्ता र प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक लागि **रु१३ करोड ३८ लाख ८८ हजार** बजेट विनियोजन गरेको छु।
- प्रारम्भिक वाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीलाई न्युनतम पारिश्रमिक उपलब्ध सुनिश्चित गर्ने नीति बमोजिम गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी **प्रारम्भिक वाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक वापत रु १ करोड बजेट** विनियोजन गरेको छु।
- माध्यमिक तह कक्षा (९-१०) तथा आधारभूत तह कक्षा (६-८) मा **अंग्रेजी, गणित र विज्ञान** विषयको विषयगत शिक्षक दरबन्दीको कमीले शिक्षण सिकाई क्रियाकलापमा परेको बाधा अन्त्य गर्न अंग्रेजी, गणित र विज्ञान शिक्षण सहयोग अनुदानका लागि रु **४४ लाख २७ हजार** बजेट विनियोजन गरेको छु।
- **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** अन्तर्गत सामुदायिक विद्यालयका पुर्व प्राथमिक तहदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूको लागि अङ्ग्रेजी माध्यमका पाठ्यपुस्तक निःशुल्क वितरण गर्न **रु १० लाख** बजेट विनियोजन गरेको छु।
- सरकारी सेवामा प्रवेश गर्न चाहने विद्यार्थीहरूलाई उत्प्रेरित गरि सरकारी सेवामा प्रवेश गराउने उद्देश्यका साथ **लोकसेवा र शिक्षा सेवा आयोगको कक्षा सञ्चालन गर्न रु ४ लाख** बजेट विनियोजन गरेको छु।
- विद्यालयमा प्राविधिक शिक्षा र प्रविधि मैत्री शिक्षालाई जोड दिन अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत माध्यमिक **विद्यालयमा कम्प्युटर शिक्षक तलव** अनुदानको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु।
- विद्यार्थीमा रहेको अन्तरनिहित क्षमता प्रस्फुटन गरी विद्यार्थीलाई सृजनात्मक र रचनात्मक बनाउने उदेश्यका साथ गाउँपालिका भित्रका विद्यार्थीहरूको बीचमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नको लागि **अध्यक्ष शैक्षिक सुधार अतिरिक्त क्रियाकलाप सञ्चालनको** अन्तर्गत **रु ६ लाख बजेट विनियोजन** गरेको छु।
- सार्वजनिक विद्यालयका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्न **रु १६ लाख ६४ हजार** बजेट विनियोजन गरेको छु।
- विद्यार्थीहरूलाई सामुदायिक विद्यालयमा आकर्षण गरी बालपोषणको अवस्थामा सुधार **ल्याउन कक्षा १ देखि ६ सम्म** अध्ययन गर्ने विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रमको लागि **रु ४० लाख ४२ हजार** बजेट विनियोजन गरेको छु।
- शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विद्यालय अनुगमन निरीक्षण गर्न **रु ३ लाख बजेट विनियोजन गरेको छु।**

- **शैक्षिक सुशानका लागि संस्थागत क्षमता विकास तथा विद्यार्थी परीक्षाण मुल्याङकन शिक्षक मेन्टरीङ तथा विद्यालय सुपरीवेक्षण** कार्यलाई व्यवस्थित र प्रभावकारी **बनाउन रु ९ लाख २० हजार** बजेट विनियोजन गरेको छु।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका गतिविधिहरू थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा रु २२ लाख ५३ हजार** बजेट विनियोजन गरेको छु।
- प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्रीका लागि **रु १४ लाख ८९ हजार** बजेट विनियोजन गरेको छु।
- विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न विज्ञान प्रयोगशाला निर्माण तथा स्थापना, ICT ल्याव सञ्चालन तथा पुस्तकालय निर्माणका साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको लागि **रु ६९ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनिटरी प्याड वितरणको लागि **रु ६ लाख ९३ हजार** बजेट विनियोजन गरेको छु।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको लागि **रु ६ लाख ७४ हजार** बजेट विनियोजन गरेको छु।
- शैक्षिक पहुँच, सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालय तथा पञ्चमूल सामुदायिक सिकाई केन्द्र र अन्धाअन्धी सामुदायिक सिकाई केन्द्रको लागि **रु १५ लाख** बजेट विनियोजन गरेको छु।
- शिक्षक, विद्यालय कर्मचारी तथा वाल विकास सहजकर्ता शिक्षकको क्षमता अभिवृद्धिका लागि **विभिन्न तहका शिक्षक, वालविकास सजहकर्ता तथा विद्यालय कर्मचारी तालिम लेखा शिक्षकलाई तालिम ICT /IEMIS तालिम प्र अ क्षमता अभिवृद्दि जस्ता विभिन्न तालिम** सञ्चालनको लागि **रु ७ लाख बजेट** विनियोजन गरेको छु।
- पालिका भित्रका सम्पुर्ण विद्यालयको विविध गतिविधि झल्कने **शैक्षिक वुलेटिन प्रकाशन गर्न रु १ लाख** बजेट विनियोजन गरेको छु।
- परम्परागत परीक्षा प्रणालीमा सुधार तथा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन **रु २ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।
- गरिव तथा जेहेन्दार विद्यार्थीलाई विद्यार्थी सम्मान तथा छात्रवृत्ति कार्यक्रमको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु।
- १२ वटा विद्यालयमा साक्षरता कार्यक्रम (प्रारम्भिक तह पठन सिप विकास कार्यक्रम) तथा कक्षा कोठा व्यवस्थापन को लागि **रु २० लाख बजेट** विनियोजन गरेको छु।
- CTEVT मापदण्ड वमोजिमको सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालन अनुदानका लागि **रु ७ लाख वजेट** विनियोजन गरेको छु।

- **कक्षा १-३ को स्थानीय पाठ्यपुस्तक निर्माण गर्नका लागि रु १५ लाख** विनियोजन गरेको छ।
- **विद्यालय समायोजन तथा एकीकरण, नयाँ विद्यालय स्थापना, शिक्षक दरबन्दी व्यवस्थापन, कक्षा थप घटको लागि कार्यक्रम सञ्चालनको लागि रु १ लाख** विनियोजन गरेको छ।
- विद्यालयमा सञ्चालन हुने वार्षिक कार्यक्रमहरुलाई नियमित र प्रभावकारी बनाउन **शैक्षिक कार्यपात्रो निर्माणको लागि रु २ लाख** विनियोजन गरेको छ।
- **विद्यार्थीसँग विज्ञ कार्यक्रमको लागि रु २ लाख** विनियोजन गरेको छ।
- **विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ**का पदाधिकारीको **क्षमता विकासका लागि रु ३ लाख बजेट** विनियोजन गरेको छ।
- कोभिड १९ का कारण पुगेको **शैक्षिक क्षति परिपुरणका** विभिन्न कार्यक्रम सञ्चालन गर्नको **लागि रु ४ लाख** बजेट विनियोजन गरेको छ।
- स्थानीय तहमा उत्पादन हुने कोदो, मकै, गहुँ, जौ र आलुका परिकार बनाई दिवाखाजा कार्यक्रमका **लागि रु ३ लाख बजेट विनियोजन गरेको छ।**
- **उच्च शिक्षामा सबैको पहुँच अभिवृद्दि** गर्न सञ्चालनमा रहेका क्याम्पसहरुलाई भौतिक तथा शैक्षिक सुदृढीकरणको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छ।
- कक्षा ८ को परिक्षा तथा करार शिक्षक, कर्मचारी छनोट गर्नको लागि **रु २ लाख वजेट** विनियोजन गरेको छ।

शिक्षा क्षेत्रको समग्र विकासका लागि **रु २१ करोड ४७ लाख ५० हजार** बजेट विनियोजान गरेको छ।

## *सामाजिक संरक्षण, जेष्ठ नागरिक, महिला तथा बालबालिका*

- जेष्ठ नागरिकले देश, समाजलाई पुर्याउनुभएको योगदानको उच्च मुल्यांकन गर्दै **जेष्ठ नागरिक सम्मान कार्यक्रमको** लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छ।
- गाउँपालिका भित्र रहेका सबै आमा समूहको नेतृत्व तथा क्षमता विकास, क्रियाशिलता अभिवृद्धि तथा प्रोत्साहन र सामग्री वितरणका लागि **रु ६ लाख** बजेट विनियोजन गरेको छ।
- दलित, जनजातिको उत्थान,विकास तथा सम्बर्धनको लागि **दलित जनजाति सचेतना कार्यक्रमको** लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छ।
- हिंसामा परेका लैङ्गिक समुदायलाई उत्थानको लागि आँधीखोला गाउँपालिकामा लैङ्गिक हिंसा र बाल उद्दार कोष बनाउन **रु १ लाख** बजेट विनियोजन गरेको छ।
- महिला तथा बालबालिकाको क्षमता अभिवृद्धि, शसक्तीकरण र एकल महिला प्रोत्साहन कार्यक्रमको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छ।

- आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला बालबालिकाको सहायता सामग्री वितरणको लागि **रु २ लाख** बजेट विनियोजन गरेको छ।
- दलित तथा जनजातिका लागि क्षमता विकास कार्यक्रमको लागि **रु. ३ लाख बजेट विनियोजन गरेको** छ।
- लक्षित समूहको खण्डीकृत तथ्याङ्क संकलन तथा प्रोफाइल निर्माणको लागि रु. ५ लाख **बजेट विनियोजन गरेको** छ।
- बालश्रम, बहुविवाह, लैङ्गिक हिंसा छुवाछूत लगायतका सामाजिक विभेद विरुद्धको सचेतना कार्यक्रम र विभिन्न दिवस मनाउनको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छ।
- विवाह नगरी बसेका एकल महिला र अभिभावक विहिन वालवालिका प्रोत्साहन कार्यक्रमको लागि **रु २ लाख** बजेट विनियोजन गरेको छ।
- बालबालिकाको प्रतिभा विकास, मनोरञ्जनका लागि एक विद्यालय एक प्रतिभा कार्यक्रम संचालनको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छ।
- गाउँपालिकाका भित्रका वृद्धवृद्धा, एकल महिला, अपाङ्ग, दलित बालबालिकालाई सामाजिक सुरक्षा वितरण गर्न नेपाल सरकारले तोके बमोजिमको बजेट व्यवस्था गरेको छ।
- जीवन स्तर अत्यन्त कमजोर भएका नागरिकको लागि सहयोगको लागि बजेट विनियोजन गरेको छ।
- गाउँपालिका भित्रका विपन्न तथा गरीब घरपरिवारको लागि तत्काल सहायतका लागि अन्य सामाजिक सहायता अन्तर्गत **रु १२ लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं १ मा महिला विकास कार्यक्रम को लागि **रु. १ लाख बजेट विनियोजन** गरेको छ।
- वडा नं १ मा फरक क्षमता अभिवृद्धि कार्यक्रम को लागि **रु. १ लाख बजेट विनियोजन** गरेको छ।
- वडा नं १ मा जेष्ठ नागरीक सम्मान कार्यक्रम को लागि **रु. १ लाख बजेट विनियोजन** गरेको छ।
- वडा नं २ मा महिला ,बालबालीका तथा अपाङ्ग क्षमता तथा उद्यमशीलता विकाश तालिमको लागि **रु. २ लाख बजेट विनियोजन गरेको** छ।
- वडा नं ४ मा लक्षित युवा वर्ग कार्यक्रमको लागि **रु. १ लाख बजेट विनियोजन गरेको** छ।
- वडा नं ५ मा महिला शसक्तीकरण क्षमता अभिवृद्धि कार्यक्रमको लागि **रु. १ लाख बजेट विनियोजन गरेको** छ।
- वडा नं ६ मा दलित क्षमता विकास कार्यक्रमको लागि रु. १ लाख **बजेट विनियोजन गरेको** छ।
- वडा नं ६ मा अपाङ्ग तथा महिला सीप विकास कार्यक्रमको लागि रु. १ लाख ५० हजार **बजेट विनियोजन गरेको** छ।

## सडक /गोरेटो बाटो पूर्वाधार

भौगोलिक आवद्धता कायम गर्न, कृषि तथा उद्योग व्यवसायको विकास गर्न, आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा बजेट विनियोजन गरेका छौं।

- गाउँपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत गाउँपालिकाको केन्द्र देखि सबै ६ वटै वडा कार्यालयहरूमा पुग्ने बाटो स्तरोन्नती तथा पिच गर्ने नीति अनुसार गाउँपालिकाको वडा नं. ४ जोड्ने सेपत भर्स्याङ बाङ्सिङ् पञ्चासे बाटोको लागि गरी **रु ३ करोड** बजेट विनियोजन गरेको छु।
- वडा नं ५ स्थित निर्माणाधीन गाबाटे नाच्नेडाडा सडक स्तरोन्नतिको लागि **३० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं २ स्थित निर्माणाधीन जरेखोला भण्डारथुम्का मडुवा ग्रामिण सडक स्तरोन्नतिका लागि **रु ३५ लाख** बजेट विनियोजन गरेको छु।
- संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी जुग्ले गोगनपानी सडक निर्माणको लागि **रु ५ करोड ४२ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ३ स्थित फुलवारी-माझकटेरा सडक निर्माणको लागि संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी **रु १ करोड** बजेट विनियोजन गरेको छु।
- नमुना सडक योजनाको लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छु।
- आँधीखोला गाउँपालिका अन्तर्गतका निर्माण सम्पन्न पक्की (ढलान तथा कालोपत्रे) सडकको मर्मतको लागि **रु १८ लाख बजेट** विनियोजन गरेको छु।
- मूलसडकहरुबाट बस्ती सम्म जोडिने शाखा सडकहरुलाई मर्मत सम्भार तथा स्तरोन्नति गर्नको लागि **रू ४० लाख बजेट** विनियोजन गरेको छु।
- गाउँपालिका भित्रका सडक संचालन तथा व्यवस्थापनको लागि **रू २० लाख बजेट** विनियोजन गरेको छु।
- सडक क्षेत्रको सौन्दर्य बढाउन सडक बत्ती तथा सडक सुरक्षा सामग्री तथा सडक सौन्दर्यीकरण कार्यको लागि **रू ३० बजेट विनियोजन** गरेको छु।
- निर्मित सडकको मर्मत सम्भारको लागि **रु १२ लाख** बजेट विनियोजन गरेको छु।

आँधीखोला गाउँपालिकाले आ व २०८०/०८१ को लागि सबै वडालाई दिएको सिलिङ अनुसार छनौट भई प्राप्त हुन आएका योजनाहरू देहाय अनुसार हुने गरी बजेट विनियोजन गरेको छु-

- **वडा नं १ अन्तर्गत**
    - ठुले हिले गोरेटो बाटो निर्माणको लागि रु. २ लाख

- लामपाटा देखि सार्की गाँउ हँदै राजास्वाँरा सामुदायिक भवन जाने गोरेटो बाटो निर्माणको लागि रु.२ लाख
- गैरा गाँउ डिलामुनी जाने गोरेटो बाटो ढलानको लागि रु.४ लाख
- पूर्ण गाँउ पत्र हुँदै मोटर बाटो सम्म गोरेटो बाटो निर्माणको लागि रु.२ लाख
- स्वामिको रुखदेखी मोटरबाटो निस्कने गोरेटो बाटोको लागि रु.२ लाख
- नेपाली टोलमा स्ल्याप निर्माणको लागि रु.२ लाख
- भकिम्ले दलित वस्तीबाट छहरा खोला हुँदै मोटरबाटो निस्कने पैदल मार्ग निर्माणको लागि रु.२ लाख
- पंचधारा तथा पार्क निर्माणको लागि रु.१० लाख

➢ **वडा नं २ अन्तर्गत**

- काफलटारी घडेरी मोटरबाटोको लागि रु.५ लाख
- झ्यापेटारी पुलको मुख गोरेटोबाटोको लागि रु.२ लाख
- मडुवा ढल निकास तथा गोरेटोबाटोको लागि रु.३ लाख
- पोखराचौर मोटरबाटोको लागि रु.३ लाख
- स्याउघाट चौताराको तहरा गोरेटो बाटो को लागि रु.२ लाख
- थुम गोरेटो बाटोको लागि रु.२ लाख
- आरम्टाबाट श्रीण्डाँडाँ मोटरबाटोको लागि रु.२ लाख

➢ **वडा नं ३ अन्तर्गत**

- साउनेटारी माझकटेरा गोरेटो बाटो निर्माणको लागि रु.२ लाख
- फूलवारी खर्किन्डाँडा गोरेटोबाटोको लागि रु.२ लाख
- शान्तीडाँडा काभ्रेपोखरी गोरेटोबाटो क लागि रु.२ लाख
- दोविल्ला घुमाउने चौपारी पत्यान सम्म गोरेटो बाटो निर्माण तथा मर्मतको लागि रु.२ लाख
- आठेखोला देखि साउनेपानी हुँदै मोटरको बाटोसम्म गोरेटो बाटोको लागि रु.२ लाख
- भवानी चौका राष्ट्रिय मा.वि. हुँदै वडा कार्यालय मोटरबाटो स्तरोउन्नतीको लागि रु.७ लाख
- मान्द्रे ढुङ्गा कमलजैसी मन्दिर हुँदै ठूलाघर मोटरबाटो निर्माणकोलागि रु.२ लाख

➢ **वडा नं ४ अन्तर्गत**

- लौसीबोट टोल गोरेटोबाटो निर्माणकोलागि रु.२ लाख
- ओडारबारी फाँटखेत गोरेटोबाटो निर्माणकोलागि रु.२ लाख
- उपल्लो सेपत गोरेटो बाटो निर्माणकोलागि रु.२ लाख
- दह गोरेटो बाटो निर्माणकोलागि रु.२ लाख

- डाँडेगरा रानीस्वारा गोरेटो बाटो निर्माणकोलागि रु.२ लाख
- रिमालस्वारा श्रवणकुमार मोटरबाटो स्तरउन्नती को लागि रु.२ लाख
- धाँजे पिप्ले आँधे हुदै चरिपानी सम्म गोरेटोबाटो निर्माणकोलागि रु.२ लाख
- देउराली भञ्जाङ्ग मोटरबाटो स्तरोन्नती को लागि रु.१२ लाख

➢ **वडा नं ५ अन्तर्गत**

- सेतिदोभान बस्ती भित्रको बाटो मर्मतको लागि रु. २ लाख
- रंगेठाटीबाट देउरालीढुङ्गा भडारीडाँडा गोरेटो बाटोको लागि रु. ५ लाख
- जुग्ले तल्ला गहते कपरेडाँडा मोटर बाटो स्तरोन्नतीको लागि रु. २ लाख ७० हजार
- सिग्दीखोला चौतारीबाट कामी गाउँसम्मको मोटरबाटोको लागि रु. ३ लाख ५० हजार
- खौरेटो गोरेटो बाटो निर्माणको लागि रु. २ लाख ५० हजार
- धैरेनीबाट चौरसम्म गोरेटो बाटोको लागि रु. ५ लाख

➢ **वडा नं ६ अन्तर्गत**

- खौला पोखरी गोरेटो बाटो को लागि रु.२ लाख
- तल्लो ठुली खोरिया मोटर बाटो को लागि रु.२ लाख
- अधिकारी मोटर बाटो टारी को लागि रु.२ लाख
- हिले डहर मोटर बाटो को लागि रु.२ लाख
- पैनीबारी गोरेटो बाटो को लागि रु.२ लाख
- शिरथुम्का पातीखोला पाङग्रे खोरिया गोरेटो बाटो को लागि रु.५ लाख
- कान्ला नदी नियन्त्रण र बाटो को लागि रु.२ लाख
- पधेरापारी लामाको डहर नागस्थान गोरेटोबाटो को लागि रु.२ लाख
- छाप मोटर बाटो को लागि रु.२ लाख
- आरुखोला घरेढुंगा गोरेटो बाटो को लागि रु.२ लाख

➢ गाउँपालिकाका ग्रामीण बाटोहरूको स्तरोन्नती गरी सबै मौसममा निर्बाध रूपमा यातायातका साधनहरू सञ्चालन गर्न कुल **रु ५० लाख** बजेट विनियोजन गरेको छु।

**भवन**

➢ विपन्न नागरिकको आवासको हकको सुनिश्चितताको लागी विपन्न परिबारको आबास निर्माण तथा मर्मतको कामका लागी **रु १२ लाख बजेट** विनियोजन गरेको छु

- सहज सार्वजनिक सेवा प्रवाहको लागि गाउँपालिकाको अत्याधुनिक तथा सुविधा सम्पन्न प्रमुख प्रशासकीय भवनको सुरक्षा तथा व्यवस्थापनका  लागि कम्पाउण्ड वाल, प्रवेशद्वार तथा पहुँच मार्ग निर्माणको लागि **रु ५० लाख** बजेट विनियोजन गरेको छु।
- सेवा प्रवाहलाई थप छिटो छरितो र आधुनिक बनाउने नीति तथा कार्यक्रम अनुसार वडा नं ६ को वडा कार्यालय भवन निर्माणका लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं १ स्थित म्हाजू भन्ज्याङ पार्कमा सार्वजनिक शौचालय निर्माणको लागि **रु ६ लाख**  र वडा नं ४ स्थित बाङसिङ देउरालीमा सार्वजनिक शौचालय निर्माणको **रू ४ लाख बजेट** विनियोजन गरेको छु।
- पालिकाबाट निर्माण हुने सबै खालका पूर्वाधार तथा कार्यक्रमहरुलाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउदै लगिने नीति अनुरुप प्रशासकीय भवनमा लिफ्ट लगायतका पूर्वाधार निर्माणको लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छु।
- प्रशासकीय भवनमा निर्माणाधीन सभा हलको लागि लागि **रु ५० लाख** बजेट विनियोजन गरेको छु।
- सहज सार्वजनिक सेवा प्रवाहको लागि बहुउद्देश्यीय सभा हल व्यवस्थापन गरी संचालन गर्नको लागि **रु १० लाख** विनियोजन गरेको छु।
- वडा नं १ स्थित स्वाँरा आमा समुह भवन निर्माणको लागि **रु २ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं २ स्थित सामुदायिक भवन हर्जामुनीको लागि **रु.२ लाख लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं ५ स्थित सितल आमा समूह भवन घेराबारको लागि **रु. २ लाख ५० हजार** नजेट विनियोजन गरेको छु।
- वडा नं ६ मा कैदु गुम्वा निर्माणकोलागि **रु.२ लाख बजेट विनियोजन** गरेको छु।

## खानेपानी

आधारभूत खानेपानी सबै बस्तीमा पुर्याउन एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिएका छौं ।गाउँपालिका भित्र सबै जनताको घरमा आधारभूत खानेपानी पुर्याउने गरी गाउँपालिकाले संघीय सरकार र प्रदेश सरकारको साझेदारीको साथमा आयोजना सञ्चालन गर्ने गरी एक घर एक धाराको नीति  अनुरूप बजेटमा व्यवस्था गरिएको छ।

- जनताको आवश्यकता अनुसार मागको आधारमा खानेपानीको लागि  **रु २० लाख** बजेट विनियोजन गरेको छु।

- वडा नं १ मा मागमा आधारित खानेपानी मर्मतको लागि **रु १ लाख ७० हजार** बजेट विनियोजन गरेको छु।
- वडा नं २ मा हात्तीसुडे डाँडाँमा खानेपानी टयाङ्की निर्माणकोलागि **रु.५ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं २ मा धारा खानेपानी मर्मत को लागि **रु. २ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ३ मा झाक्रीथान धाङधुङ खानेपानी योजना को लागि रु. **२ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ३ मा मुलावारी कालो ढुङ्गो रातमाटा पत्यार राताखोरीया खानेपानी योजना को लागि **रु. २ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ३ मा सालघारी तल्लो पधेरा खानेपानी कुवा मर्मत को लागि **रु. २ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ३ मा खत्री टोल कुवा मर्मत को लागि **रु. २ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ३ मा राधेवारी खानेपानी मर्मत योजना को लागि **रु. ४ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ३ मा उखुवारी कुवा मर्मत को लागि **रु. २ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ४ मा सिमलचौर खानेपानी मर्मत को लागि **रु. २ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ५ मा बेत्यानी पधेरो निर्माणको लागि रु.२ लाख **बजेट विनियोजन** गरेको छु।
- वडा नं ५ मा सेतिखोरिया सल्लाघारी खानेपानी मर्मतको लागि रु.२ लाख ३० हजार **बजेट विनियोजन** गरेको छु।
- वडा नं ५ मा मागको आधारमा खानेपानीको लागि रु.१ लाख ५० हजार **बजेट विनियोजन** गरेको छु।

## सिँचाई

- सिँचाइ नपुगेका खेतहरूमा जनताको आवश्यकता अनुसार मागमा आधारित सिँचाइको लागि **रु २० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं २ मा जावीखोला पीङहाल्नेचौर सिंचाइ कुलो निर्माणको लागि **रु. २ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं. ५ मा बास्कोटखोला घागे कुलो निर्माणको लागि **रु.२ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं ५ मा मागको आधारमा सिँचाईको लागि **रु. १ लाख ५० हजार बजेट** विनियोजन गरेको छु।

## ऊर्जा

उज्यालो आँधीखोलाको संकल्प पूरा गर्न नवीकरणिय ऊर्जाको प्रयोगमा जोड दिइने छ ।

- गाउँपालिका भित्र रहेको बिद्युत प्रसारण लाइनलाई व्यवस्थित गर्न विद्युत सुधार कार्यक्रमको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।
- एल पी ग्याँस विस्थापन जैविक रूपमा रहेका बायोग्यास,गोबरग्याँस लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी वैकल्पिक ऊर्जाको उत्पादनमा जोड दिनको लागि **रु ५ लाख** विनियोजन गरेको छु।
- राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम अन्तर्गत नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) को लागि **रु ८ लाख** विनियोजन गरेको छु।

## जलाधार संरक्षण, वन ,वातावरण ,सरसफाइ तथा फोहोर मैला व्यवस्थापन

पारिस्थितिक प्रणालीको संरक्षण गर्दै जैविक विविधता कायम राख्न बजेटमा व्यवस्था गरिएको छ ।

- पानीको स्रोतको दिगोपनको लागि पुराना कुवा मुहान तथा पोखरीहरूको मर्मत सम्भार एवम् संरक्षण गर्नुको साथै पोखरी तथा कुवा पुनर्भरण बनाउने योजनाको निरन्तरता दिनको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।
- **स्वच्छ आँधीखोला गाउँपालिका निर्माण अभियान अन्तर्गत** फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।
- जलचर प्राणी र पारिस्थितिक प्रणालीलाई सन्तुलन बनाउन आँधीखोलामा माछाका भुरा छोड्नको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु।
- **बिसाउने चौतारी**को नारालाई सार्थकता प्रदान गर्नका लागि गाउँपालिका भित्रका बर पीपल रहेका चौतारीको संरक्षणको लागि **रु ५ लाख बजेट** विनियोजन गरेको छु।
- जलवायु अनुकुलन सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालनको लागि **रु १ लाख बजेट विनियोजन** गरेको छु।

## खेलकुद

**स्वच्छ जीवनको लागि खेलकुद** भन्ने अभियान अन्तर्गत खेलले खेल्ने व्यक्ति,समाज र सिंगो गाउँपालिकाको गौरव बढाउने अभिप्रायका साथ खेलकुद क्षेत्रको विकासका लागि बजेटमा व्यवस्था गरेको छु।

- जहाँ युबा त्यहाँ खेलकुद भन्ने मूल उद्धोषका साथ युवाहरूको शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकारात्मक सोचको विकास गर्ने अभिप्राय स्वरुप खेल खेल्ने व्यक्ति,समाज र सिंगो गाउँपालिकाको गौरव बढाउन खेल मैदान निर्माणको लागि **रु १० लाख** विनियोजन गरेको छु।

- अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रमको लागि **रु १५ लाख** बजेट विनियोजन गरेको छु।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता **रु ४ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा खेलकुद विकास कार्यक्रम को लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु।

## *अन्य पूर्वाधार*

- भैपरी आउने पुँजीगत खर्च तथा पूर्वाधार निर्माण गर्न **रु १ करोड** बजेट विनियोजन गरेको छु।
- समपूरक कोषको लागि **रु ७० लाख** बजेट विनियोजन गरेको छु।
- निर्माण सामग्री प्रयोगशाला (सिभिल ल्याव स्थापना)को लागि **रु १० लाख** बजेट विनियोजन गरेको छु।
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत **रु ४५ लाख** बजेट विनियोजन गरेको छु।

## *कानुन*

- मेलमिलापको माध्यमबाट सामाजिक एकतामा जोड दिने संयन्त्रको रूपमा रहेको आँधीखोला गाउँपालिकाको न्यायिक समितिको प्रभावकारीता बढाउन मेमिलापकर्ताहरूको अभिमुखीकरण तालिम कार्यक्रम, न्यायिक समिति सचिवालय संचालन, स्थानीय तह न्यायिक समिति संस्थागत विकास, कानुनी परामर्श, मेलमिलाप केन्द्र व्यवस्थापन,अनुगमन तथा सहजीकरण कार्यक्रम को लागि **रु १८ लाख** बजेट विनियोजन गरेको छु।

## *संस्कृति*

- ऐतिहासिक चाड पर्व ,मेला महोत्सव ,पूजा पाठ, खेलकुद तथा सांस्कृतिक कार्यक्रम जोगाउन लगायत संस्कृति कार्यक्रम चाडपर्व ,मेला महोत्सव ,दिवसको संरक्षण तथा सम्बर्धनको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।
- परम्परागत भाषा कला, संस्कृति संवर्धन तथा संरक्षणको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।
- पालिकास्तरमा तीज गीत प्रतियोगिता संचालनका लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।

## *सहकारी*

सहकारी सँगको समन्वय, सहकारी संस्थाहरूको दायित्व काम कर्तव्य तथा स्थानीय सरकारको नीतिमा समावेश गराउन सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई अभिमुखीकरण तालिम तथा सहकारी शाखा व्यवस्थापनको लागि **रु ४ लाख** बजेट विनियोजन गरेको छु।

## *सामाजिक सुरक्षा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण*

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण जन्म ,मृत्यु तथा वसाइसराइ कार्यक्रमलाई थप व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी सचेता तथा क्षमता विकास कार्यक्रमको लागि **रु ४ लाख बजेट** विनियोजन गरेको छु।

## *विपत् व्यवस्थापन*

- प्राकृतिक प्रकोपको कारण हुन सक्ने क्षति को न्युनिकरण लागि उद्धार ,राहत, पुर्ननिर्माण व्यवस्थापन गर्न विपत् व्यवस्थापनको लागि **रु २० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा दैवी प्रकोप व्यवस्थापना लागि **रु १ लाख ६५ हजार** बजेट विनियोजन गरेको छु।
- वडा नं २ मा विपत व्यवस्थापन तथा मर्मत संम्भार को लागि **रु. २ लाख ३० हजार बजेट** विनियोजन गरेको छु।
- वडा नं ४ मा विपद व्यवस्थापन तथा मर्मत सम्भार को लागि रु. २ लाख **बजेट** विनियोजन गरेको छु।
- वडा नं ४ मा रिमालस्वारा पहिरो रोकथाम को लागि रु. २ लाख **बजेट** विनियोजन गरेको छु।
- वडा नं ६ मा नगदे वाली संरक्षणका लागि झाडी फडान गर्न रु. २ लाख **बजेट** विनियोजन गरेको छु।
- वडा नं ६ मा आकस्मिक विपद व्यवस्थापन को लागि रु. १ लाख **बजेट** विनियोजन गरेको छु।

## *कार्यालय सञ्चालन, सार्वजनिक सेवा प्रवाह एवम् संस्थागत विकास*

- सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त प्रविधि मैत्री बनाउनको लागि कर्मचारीलाई तालिम प्रदान गरिनेछ । आँधीखोला गाउँपालिकामा कार्यरत अनुशासित, इमान्दार र दक्ष करार सेवाका कर्मचारीहरूको आर्थिक वर्ष २०८०।०८१ मा सेवामा आवश्यकताका आधारमा निरन्तरता कायम

गर्ने व्यवस्था मिलाईनेछ। साथै भविष्यमा समेत सेवा वर्ष तथा दक्षताको आधारमा उनीहरूको प्रोत्साहनको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ । छात्रवृत्ति , मिलापत्र, आर्थिक सहायता,अपाङ्ग परिचयपत्र एवम् अघिल्लो आर्थिक वर्षमा निःशुल्क रूपमा प्रदान गरिएको सेवालाई निरन्तरता दिइएको छ ।

- उपभोक्ता समिति मार्फत गरिने कामको थप प्रभावकारिताको लागि उपभोक्ता समिति क्षमता अभिवृद्धि तालिम एवम् अनुदानको लागि **रु ७ लाख** विनियोजन गरेको छु।
- घर सूचिकरण अभियान अन्तर्गत राजस्व संकलन अभियान कार्यकर्मको लागि **रु ५ लाख** विनियोजन गरेको छु।
- सुत्रमा आधारित राजश्व संकलन मोडुल क्षमता विकास कार्यक्रम संचालन गर्नकोन लागि **रु २ लाख** विनियोजन गरेको छु।
- सामुदायिक वन व्यवस्थापन अभिमुखीकरणको लागि बजेट विनियोजन गरेको छु।

## *सूचना तथा संचार प्रविधी*

- गाउँपालिकाको विभिन्न वडामा फ्री वाईफाई जोनको व्यवस्था गर्नको लागि **रु ६ लाख** विनियोजन गरेको छु।
- गाउँपालिकाका सबै कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट Networking गर्दै E-governance सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडा, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयमा इ-हाजिरीको लागि **रु ८ लाख** विनियोजन गरेको छु।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण घरधुरीलाई डिजिटलाईज्ड तरिकाले सूचीकरण गर्दै भिलेज प्रोफाइलको लागि **रु १८ लाख** विनियोजन गरेको छु।
- बजार क्षेत्रमा हुने सडक दुर्घटना, चोरी डकैतीको लगायतका अपराधिक क्रियाकलापको प्रत्यक्ष निगरानीका लागि मुख्य बजार केन्द्रमा सि सी टिभि जडानका लागि **रु ८ लाख** विनियोजन गरेको छु।
- कार्यालयका सवै शाखाहरुमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउदै कागज विहिन कार्यालय बनाउनका लागि सफ्टवेयर खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- राजश्व प्रणालीलाई थप व्यवस्थित गर्न घरमै बसेर QR Code मार्फत राजश्व भुक्तानी लगायतका प्रवीको प्रयोगको लागि रू १० लाख विनियोजन गरेको छु।

## *कर्मचारी प्रशासन*

कर्मचारी पारिश्रमिक, तलव तथा अन्य भत्ता,पदाधिकारी सुविधा भत्ता,कार्यालयमा सेवा प्रवाहमा आवश्यक गर्ने विविध विषयसँग सम्बन्धित कार्यालय सञ्चालन तथा कार्यक्रम खर्च ,वडा कार्यालय सञ्चालन खर्च, पालिका अन्तर्गतका विभिन्न विषयगत शाखा तथा कार्यालय सञ्चालन खर्च,आर्थिक सहायता ,ढुवानी, सञ्चार, इन्धन, अन्य सेवा शुल्क,सञ्चालित सामग्री एवम् मेसिनरी समान मर्मत ,अनुगमन मुल्यांकन, भ्रमण, पुस्तक पत्रपत्रिका ,छपाइ अभिमुखीकरण तालिम, विविध खर्च, सेवा परामर्श खर्च र गाउँपालिका तथा अन्य प्रशासनिक खर्चको लागि **रु ७ करोड ४५ लाख** बजेट विनियोजन गरेको छु।

- कर्मचारीको मनोबल उच्च पार्ने नीति लाई साकार पार्न सेवाप्रति लगनशील, जिम्मेवार, उत्तरदायी र कर्तव्य निष्ठ बनाउन कर्मचारी सम्मान कार्यक्रम अन्तर्गत **रु ३ लाख विनियोजन** गरेको छु।
- जनप्रतिनिधि र कर्मचारीका लागि तालिम सेमिनार गोष्ठि लगायत क्षमता विकासका कार्यक्रम, सकारात्मक सोच सिकाई सम्बन्धी कार्यक्रम अन्तर्गत **रु ५ लाख विनियोजन** गरेको छु।
- आँधीखोला गाउँपालिका कार्यालय र पालिका अन्तर्गतका कार्यालयहरुको सेवा प्रवाहलाई चुस्त पारदर्शी एवं जवाफदेही बनाउन घुम्ती सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण,सार्वजनिक परीक्षण लगायत अन्य सेवाग्राहीमैत्री कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रमका लागी **रु ४ लाख** ,घुम्ति शिविरको लागी **रु ३ लाख** र सार्वजनिक परिक्षणको लागि **रु ५ लाख** गरी कुल **१२ लाख** बजेट विनियोजन गरेको छु।
- टोल विकास संस्थाका पदाधिकारीको क्षमता एवं नेतृत्व विकासका अवसर सिर्जना र टोल बिकास संस्थाको संस्थागत विकासका लागि **रु १० लाख बजेट विनियोजन** गरेको छु।
- आर्थिक प्रशासन शाखा ,योजना शाखा ,राजश्व शाखा लगायत अन्य शाखा आधुनिक प्रविधि सहितको सफ्टवेयर प्रणालीबाट सञ्चालन गरिएकोमा त्यसको लागि कर्मचारीलाई पुनर्ताजगी तालिम दिन बजेटमा व्यवस्था गरिएको छ ।
- एघारौं र बाह्रौं गाउँसभाद्वारा आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत भएको बजेट तथा कार्यक्रम र कार्यपालिकाको बैठकबाट छनौट गरी कार्यान्वयन भएका सबै योजना तथा कार्यक्रमहरू,कर्मचारी तथा पदाधिकारीको सम्पूर्ण सेवा सुविधा बापतको खर्च रकम समेत यस तेह्रौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृतको लागि प्रस्ताव पेश गरेको छु।
- विभिन्न आकस्मिक तथा भैपरी आउने पूँजीगत खर्च, विपत् व्यवस्थापन खर्च तथा प्रकोप व्यवस्थापन कोषबाट भएको सम्पूर्ण खर्च यसै तेह्रौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृतका लागि प्रस्ताव पेश गरेको छु।

## आर्थिक ऐन र विनियोजन ऐन

- आँधीखोला गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निम्ति स्थानीय कर दस्तुर, शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा -२२८ को उपधारा २ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी यस गाउँसभा समक्ष **आर्थिक विधेयक** र सोका अनुसूचीहरू स्वीकृतका लागि यसै साथ पेश गरेको छु।

- आँधीखोला गाउँपालिका,स्याङ्जाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कार्यपालिकाबाट स्वीकृत **विनियोजन विधेयक** यसै साथ सम्लग्न गरी स्वीकृतिका लागि पेश गरेको छु।

- प्रस्तावित आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने आयोजन तथा कार्यक्रमको विस्तृत विवरण वार्षिक विकास कार्यक्रम अनूसूचीहरूमा उल्लेख गरेको छु।

## सभाध्यक्ष ज्यू एवं आदरणीय उपस्थित महानुभावहरू,

हामीले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/०८१ को आय व्यय अनुमान बजेट कार्यान्वयनबाट नागरिकको आर्थिक, सामाजिक जीवन अभिवृद्धि गर्न, गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीमा अभिवृद्धि गर्न, सबै नागरिकले राज्यबाट क्रमशः सामाजिक सुरक्षा एवम् संरक्षण तथा समावेशी विकास प्रक्रिया अवलम्वन गर्न र समुन्नत, सभ्य, सुसंस्कृत र न्याय पूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएको छु।

स्थानीय सरकार बनेको अवधिमा खडा गरिएको आर्थिक तथा सामाजिक विकासको जगमा टेकेर आगामी आर्थिक वर्षको बजेटले **"समृद्ध आँधीखोला, सुखी आँधीखोलावासी"को** आकांक्षा हासिल गर्न नयाँ उत्साहका साथ अघि बढ्न प्रेरित गर्ने विश्वास लिएका छौं । सबै राजनीतिक दल,जनप्रतिनिधि,सामाजिक संघसंस्था, निजी क्षेत्र तथा नागरिक समाजलाई यो उद्देश्य प्राप्ति तर्फ सहकार्यको लागि हार्दिक अपिल र आह्वान गर्दछु।

आर्थिक परिस्थितिको कारण राजस्वमा कमी गाउँपालिकाको अनुमानित आय एवम् राजश्व प्राप्त हुन नसकेको खण्डमा योजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष कार्यान्वयन एवम् स्रोत सुनिश्चितता गर्न नसकेमा त्यस्ता आयोजनाहरू आगामी आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन हुनेछन् ।

यसै बजेटको परिधिभित्र रहेर आ व २०८०/०८१ का योजनाहरू संचालन हुनेछन् । पूर्वाधार तर्फका योजनाहरू फाल्गुन मसान्तसम्म र अन्य कार्यक्रमहरू जेष्ठ मसान्तसम्म कार्यान्वयन भै सक्नपर्ने सवल पक्षलाई यस आ.व. मा समेत लागू गर्ने नीतिगत व्यवस्था गरिएको छ। यसले समग्र गाउँपालिकाको भौतिक पूर्वाधार लगायत आर्थिक सामाजिक क्षेत्रको समग्र विकासमा विगत वर्ष झैं सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा गरेको छु। यस गाउँपालिकाको बजेट तयारीको क्रममा विभिन्न चरणहरूमा आ-आफ्नो स्थानबाट मार्गदर्शन दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक संघ संस्था, टोल विकास संस्था लगायतका सामाजिक सञ्जालबाट समेत महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।त्यसैगरी सहभागितात्मक योजना तर्जुमाको सुरुवात सँगै आजको यस समारोहलाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुर्याउनुहुने गाउँपालिकाका श्रद्धेय अध्यक्ष ज्यू, पूर्व जनप्रतिनिधी एवं बहालवाला जनप्रतिनिधी ज्यू हरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू एवं सम्पूर्ण आँधीखोलावासीहरूमा धन्यवाद प्रकट गर्न चाहन्छु । प्रस्तुत योजना तथा कार्यक्रम आँधीखोला गाउँपालिकाको एक महत्वपूर्ण कोशे ढुङ्गाको रूपमा रहनेछ र यसको सफल कार्यान्वयनमा सबै पक्षहरूबाट विगत वर्षको झैं रचनात्मक सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखेको छु।

अन्त्यमा मुलुकभित्र र बाहिर रहनु भएका, गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण सुनिरहनुभएका आँधीखोलावी तथा नेपाली आमाबुवा, दिदी बहिनी तथा दाजुभाइ लगायत सम्पुर्णमा सवल, समृद्ध र न्यायपूर्ण आँधीखोला निर्माणमा योगदान गर्न अनुरोधका साथ विदा हुन चाहन्छु ।

**धन्यवाद नमस्कार**

**जय आँधीखोला**

**जय आँधीखोला वासी !!**

*सीता थापा*

*उपाध्यक्ष*

*मितिः २०८० असार १० गते*